# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**NATIONAL ASSOCIATION OF RURAL MUNICIPALITIES IN NEPAL (NARMIN)**




# उदाहरणीय गाउँपालिका विकास र सञ्चालनका लागि सन्दर्भ सूचकहरू

## (Reference Indicators for Development and Operation of Examplary (Model) Rural Municipal Government)

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

उदाहरणीय गाउँपालिका विकास र सञ्चालनका लागि

# सन्दर्भ सूचकहरू

(Reference Indicators for Development and Operation of Examplary (Model) Rural Municipal Government)

पुनरावलोकनकर्ता :

| | |
|---|---|
| होमनारायण श्रेष्ठ | अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल |
| वंशलाल तामाङ | महासचिव, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल |
| राजेन्द्र प्याकुरेल | कार्यकारी निर्देशक, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल |

लेखन : डा. श्यामकृष्ण भूर्तेल, श्री कृष्णप्रसाद सापकोटा, डा. सोमलाल सुवेदी, डा. मुक्ति रिजाल, श्री लक्ष्मण पाण्डे

सम्पादन सहयोगी : गीता श्रीष मगर, नीति तथा कानुन अधिकृत, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

व्यवस्थापन : भुवनराम लोहार, प्रशासन तथा वित्त अधिकृत, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

प्रकाशन प्रति : १५०० प्रति

प्रकाशन वर्ष : फागुन २०७७

सामग्री तयारी तथा प्रकाशन : स्थानीय सरकार सबलीकरण — Australian Aid — The Asia Foundation

*नोटः यो प्रकाशन अष्ट्रेलियन सरकार, वैदेशिक मामिला तथा व्यापार विभाग र दि एशिया फाउण्डेशनको साझेदारीमा सञ्चालित स्थानीय शासन सवलीकरण कार्यक्रमको सहयोगमा सिभिक एलायन्स फर लोकल डेमोक्रेसीद्धारा गाउँपालिका राष्ट्रिय महासंघ नेपालका लागि तयार गरिएको हो ।*

**डिजाइन :** डिजाइन चौतारी (९८४११९०७१८)
**मुद्रण :** क्लासिक प्रिन्टिङ सर्भिस, अनामनगर काठमाडौं
०१-४१०२६०२

**प्रकाशक**

**गाउँपालिका राष्ट्रिय महासंघ नेपाल**

**गणेशस्थान, कमलादी, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-४२२९८४१, फ्याक्सः ०१-४२४५८८९**

**ईमेलः info@narmin.org.np, वेभसाइटः www.narmin.org.np**

# भुमिका

नेपालको संविधानले राज्यशक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहबचि गर्दै राज्यशक्तिको प्रयोग तीन वटै तहले संविधान र कानुन बमोजिम गर्ने  व्यवस्था गरेको छ । राज्यशक्तिको बाँडफाँड संविधानको अनुसूची (अनुसूची ५ देखि ९) हरुमा उल्लेखित एकल र साझा विषयमा निहित गरेको छ भने स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको काम, कतव्य र अधिकारमा प्रष्ट पारेको छ। संविधानले एकल र साझा अधिकार बमोजिम तत् तत् बिषयक्षेत्रभित्र आ-आफ्नो कार्यजिम्मेवारी निर्वाह गर्न मार्गनिर्देश गरेको छ। संघीय शासन प्रणाली अवलम्वन गरेको यो संविधान जारी भएपछि पहिलो पटक निर्वाचित जनप्रतिनिधिहरुले सरकारका तीनवटै तह सञ्चालन गरिहेका छन् । संघ र प्रदेश सरकारहरु तथा स्थानीय तहमा नगरपालिका र गाउँपालिकाहरुले आ-आफ्नो कार्यक्षेत्रमा संविधानले तोके बमोजिमको भूमिका निर्वाह गरिरहेका छन् ।

स्थानीय लोकतन्त्र सञ्चालन तथा व्यवस्थापन एवं सोको सुदृढीकरणका लागि सुशासन, पारदर्शिता र जवाफदेही कार्यप्रणाली र व्यवहारको अग्रणी भूमिका रहेको हुन्छ। स्थानीय सरकारले जनताको विश्वास जितेर नतिजामूलक र जवाफदेही ढंगले कार्य सम्पादन गर्नु/गराउनु संघीयताको अपेक्षा हो। सरकारहरु तीन तहमा भए पनि जनतालाई दैनन्दित सेवा दिने तह र सेवा प्रवाहको वास्तविक तह स्थानीय सरकार नै हो। स्थानीय तहमा जनताका रोजाइका सेवा तथा विकास निर्माण प्राथमिकताका आधारमा हुनु संघीयकरण तथा विकेन्द्रीकारणको अभिष्ट पनि हो । गाउँपालिकाले के-कस्तो अधिकार पाएका छन् ? ती अधिकार बमोजिम जनतालाई सेवा प्रदान गरी वास्तविक रुपमा नै जनमैत्री सरकारको अनुभूती दिलाउन गाउँपालिका सञ्चालन व्यवस्थापन, सेवा प्रवाह र विकास निर्माण प्रभावकारी ढंगले गर्नु/गराउनु अनिवार्य हुन्छ। गाउँपालिकाले पनि आफूलाई प्राप्त अधिकारको प्रयोग के कसरी गरिएको छ ? के कति उपलब्धी हासिल भए र के कति बाँकी छन् भनी स्वयंले मूल्याङ्कन गरी अनुकरणीय काम गर्नुपर्ने अनिवार्यतालाई ध्यानमा राखी यसतर्फ गाउँपालिकाहरुलाई प्रेरित गर्ने उद्देश्यले यो सन्दर्भ सूचकहरुको स्रोत सामग्री पुस्तिका तयार गरिएको छ । प्रस्तुत श्रोत पुस्तिकामा पाँच वटा विषय क्षेत्रमा ९२ वटा उपक्षेत्रमा जम्मा ९ सय ३४ सूचकहरु समावेश गरिएका छन्। एउटा गाउँपालिकाले संविधान र कानुन बमोजिम प्राप्त अधिकार र जिम्मेवारीअनुसार के कति कार्यहरु गर्नु पर्दछ ? भन्ने जानकारी यि सूचकहरुले देखाइ दिएको छ। प्रस्तुत सूचकहरुको कार्यान्वयनको अवस्थाको गाउँपालिकाहरुले स्वःमूल्याँकन गरी उदाहरणीय पालिका बन्न सक्ने आधार र प्रमाण यसबाट प्राप्त हुने विश्वास हामीले लिएका छौ ।

यस पुस्तिकामा उल्लिखित विषय क्षेत्रगत विस्तृत सूचकका आधारमा समग्र गाउँपालिका, गाउँपालिकाका कुनै वडा वा कुनै पनि विषयगत क्षेत्रमा उदाहरणीय कार्य गर्न गाउँपालिकाहरुलाई अग्रसर भै कार्य क्षमता, पारदर्शिता र जवाफदेही अभिबृद्धि गर्न यस प्रकाशनले आधार प्रदान गर्ने विश्वास महासंघले राखेको छ। प्रकाशनमा प्रस्तुत सूचकहरु र तिनका उद्देश्यका सन्दर्भमा प्रशिक्षण, छलफल र बुझाईलाई प्रभावकारी बनाउन महासंघबाट आगामी दिनमा पनि निरन्तर सहयोग गर्दै जाने उद्देश्य महासंघले लिएको छ। नीति निर्माता, सरोकारवाला, प्रयोगकर्ता, निर्वाचित एवं राजनीतिक नेतृत्वगण, अध्येयता र विकास साझेदार निकायहरु समेतलाई बिषयक्षेत्रगत नीति, रणनीति तर्जूमा तथा कार्यान्वयन गर्न यो सामाग्री उपयोगी हुने अपेक्षा महासंघले राखेको छ।

नेपालको संविधान, प्रचलित संघीय एवं प्रदेश कानुन तथा स्थानीय सरकारका कानुन एवं क्षेत्राधिकारसमेतको सुक्ष्म रुपमा विश्लेषण गरी बिषयक्षेत्रगत रुपमा सान्दर्भिक महत्वपूर्णसूचकहरु पहिचान, एकीकरण र सूचकहरुबीच अन्तर सम्वन्धको सिलसिला समेत मिलाई गहन कार्य सम्पादन गरेकोमा सिभिक एलायन्स फर लोकल डेमोक्रेसी र संलग्न विज्ञहरु डा. श्याम कृष्ण भूर्तेल, संविधानसभा सदस्य श्री कृष्ण प्रसाद सापकोटा, डा. सोमलाल सुवेदी, डा. मुक्ति रिजाल र लक्ष्मण पाण्डेप्रति महासंघ कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछ। आगामी दिनमा पनि राष्ट्रिय/अन्तराष्ट्रियस्तरका विज्ञहरुसँग सहकार्य र सहयोग हुने विश्वास राख्दछौं।

प्रस्तुत सामाग्री तयार गर्दा भएका विभिन्न चरणका परामर्श तथा छलफलमा आफ्नो अमूल्य सुझाव दिनुहुने संघीय सरकारका प्रतिनिधिहरु, स्थानीय सरकारका जनप्रतिनिधिहरु, विकास साझेदार संस्थाका प्रतिनिधिहरुप्रति विशेष आभारी छौं। प्रस्तुत श्रोत सामाग्री महासंघका पदाधिकारी, सदस्यहरु र कर्मचारीहरुको सहकार्य र सहयोगबाट तयार हुन आएको यो पहिलो प्रयास हो। प्रस्तुत सामाग्री तयारी र प्रकाशनको लागि उत्प्रेरित गर्नुहुने तथा सूचकहरुको विश्लेषण र प्रस्तुतिका बिषयमा रायसुझाव प्रदान गर्नुहुने साझेदार संस्था 'एशिया फाउण्डेशन तथा स्थानीय सरकार सवलीकरण कार्यक्रमका शासन निर्देशक विष्णु अधिकारी, बरिष्ठ

शासन सल्लाहकार परशुराम उपाध्याय र कार्यक्रम अधिकृत प्रकृति नेपाललाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं। गाउँपालिकाहरुले सम्पादन गर्नुपर्ने कार्यहरुको कार्यसम्पादन सूचकको रुपमा यो सामाग्री तयार पारिएकोले सबै गाउँपालिकाहरुले यसको उपयोग गरी आफ्नो कार्यसम्पादनको स्तर आफै मापन गर्न सहयोग गर्ने विश्वास लिएका छौं। कुनै पनि कार्य आफैंमा पुर्ण हुँदैन भन्ने मान्यता अनुरुप यो श्रोत पुस्तिका पनि आफैंमा पूर्ण नहुनसक्छ। यसमा समावेश गरिएको भन्दा बाहेकका कतिपय सूचकहरु छुटेका पनि हुनसक्छन् र गाउँपालिकाको स्थानीय विशिष्ठता अनुसार फरक फरक अवस्थाको पनि हुनसक्छन। आगामी अभ्यासका क्रममा क्रमश यो सामाग्री तथा आवश्यकता बमोजिम सूचकहरु पनि परिस्कृत गर्दै जानुपर्ने आवश्यकताप्रति महासंघ सचेत रहेको छ।

प्रस्तुत सामाग्री गाउँपालिकाहरुको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सोको सहजिकरणको लागि कोशेढुंगा हुने विश्वास महासंघले लिएको छ। गाउँपालिकाहरुको लागि यो दस्तावेज बाध्यकारी नभएता पनि गाउँपालिकाले आफ्नो राजनीतिक कार्यदिशाा लिँदा, आवश्यक नीति, तथा कार्यक्रम क्षेत्र पहिचान गरी सो बमोजिम वजेटको विनियोजन गर्दा, नियमित सेवा प्रवाहमा ध्यान दिनुपर्ने बिषय पहिचान गर्दा एवं गाउँपालिकाको प्राथमिकता निर्धारण गर्दा निकै सहयोगी हुने विश्वास लिएका छौं। स्थानीय तहको निर्वाचन भएको करिब चौथो वर्षमा प्रवेश गर्दै गर्दा विगतको समीक्षा तथा मूल्यांँकन गर्दै बाँकी अवधिमा कार्यसम्पादन गर्नुपर्ने कार्यहरुको सूची पहिचान गर्न पनि यस प्रकाशनले सहयोग गर्नेछ।

अन्त्यमा, गाउँपालिकाहरुले स्थानीयता अनुकुल बिषयक्षेत्रगत सूचकहरु हासिल गर्न आफ्नो गाउँपालिकालाई नमूनायोग्य तथा उदाहरणीय बनाउन तदनुकुलको स्रोत, साधन, जनशक्ति, कार्यक्रम तथा बजेट व्यवस्थापन तथा परिचालन गरी जनतामा जवाफदेही स्थानीय सरकारको अनुभूति गराउन र संघीयताको प्रतिफल जनतालाई दिलाई **समृद्ध नेपाल, सुखी नेपाली** बनाउने राष्ट्रिय अभियानमा योगदान दिन सक्ने विश्वास गाउँपालिका राष्ट्रिय महासंघ नेपालले लिएको समेत अनुरोध गर्दछौं।

# विषयसूची


१. पृष्ठभूमि ........ १

२. औचित्य ........ १

३. उद्देश्यः ........ १

४. मुख्य आधार ........ २

५. प्रयोगकर्ता तथा प्रयोग विधि ........ २

५.१.प्रयोगकर्ता ........ २

५.२ प्रयोग विधि : प्रयोगका चरण : ........ २

६. उदाहरणीय उपलब्धी मापनका तरिका ........ ३

७ मूल्यांकन विधि ........ ३

८. सीमाहरू ........ ४

९ जोखिम ........ ४

१०. मूल्यांकन विधि, मूल्यांकन कर्ताको छनौट, क्षमता र विश्वसनीयता। उदाहरणीय गाउँपालिकाका सूचकहरू ........ ४

आर्थिक विकास ........ ५

सामाजिक विकास ........ १३

भौतिक पूर्वाधार विकास ........ ३१

वन, वातावरण तथा विपद् व्यवस्थापन ........ ३९

संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह ........ ४५

## १. पृष्ठभूमि

नेपालको संविधानले स्थानीय स्वायत्तता र विकेन्द्रीकरणका आधारमा शासन व्यवस्थामा सहभागितामूलक पद्धति र समानुपातिक सिद्धान्तलाई आत्मसात गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राजनीतिक उद्देश्य राखेको छ। साथै यो संविधानले आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण तथा लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समृद्ध राष्ट्र निर्माण गर्ने परिकल्पना गरेको छ। सभ्य र समतामूलक समाजको निर्माण एवं सामाजिक सांस्कृतिक मूल्यहरूको विकास र विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यवद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने सामाजिक र सांस्कृतिक उद्देश्य छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र विकास मार्फत समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य पनि संविधानले राखेको छ।

संविधानका उद्देश्यहरू हासिल गर्न संघीय इकाईका रुपमा रहेका संघ, प्रदेश र स्थानीय सरकारहरू परस्पर सहयोगमा आधारित सम्बन्ध सञ्चालन गर्दै जनतालाई सुशासनको अनुभूति गराउने जिम्मेवारी सवै तहका सरकारमा रहेको छ। जनताको नजिकमा रहेका स्थानीय सरकारहरू शासन प्रक्रियाका जग भएकाले यसको प्रभावकारितामा समग्र सार्वजनिक सेवा प्रवाह प्रतिविम्बित हुन्छ। तसर्थ गाउँपालिकाबाट प्रवाह हुने सेवालाई उत्कृष्टता प्रदान गर्नका लागि गाउँपालिकाहरूबीच उदाहरणीय कार्यहरू गर्न सकारात्मक प्रतिस्पर्धा गराउने उद्देश्यले कार्यसम्पादन सूचकहरू सहितको अवधारणा ल्याइएको छ।

## २. औचित्य

गाउँपालिकामा :

- संविधान र कानूनबाट गाउँपालिकालाई प्रदत्त अधिकार र कर्तव्यका दायरा र सीमाको बुझाईमा गाउँपालिका, जनप्रतिनिधि, व्यवस्थापन, विषयगत शाखा, वडा, सरोकारवालाहरू र नागरिकहरूमा स्पष्टता ल्याई स्थानीय सरकार सञ्चालनमा सहजीकरण गर्न,
- स्थानीय तहका ऐन कानूनको तर्जुमा, नीति निर्माण, परिमार्जन, पुनरावलोकन गर्न सहयोग,
- सुशासन, आन्तरिक व्यवस्थापन, स्रोत परिचालन, प्रभावकारी स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन र नागरिकप्रतिको जवाफदेहिता बृद्धि गर्न,
- आफ्नो कार्यमा समग्र अधिकार क्षेत्र वा निश्चित सेवाका क्षेत्र (पूर्वाधार, बालबालिका, समावेशिता, सामाजिक सुरक्षा, स्थानीय आर्थिक विकास, राजश्व परिचालन, सहभागिता वृद्धि आदि) मा उदाहरणीय कार्य गरी आफूलाई उदाहरणीय (अनुकरणीय) गाउँपालिकाका रुपमा विकसित हुन प्रोत्साहन गर्न,
- गाउँपालिका राष्ट्रिय महासंघले आफ्ना सदस्यहरूलाई असल अभ्यास आदान प्रदान गर्दै पारस्परिक मुल्याङ्कन गर्न क्षमता अभिवृद्धि गरी उदाहरणीय कार्य प्रोत्साहन र सहजीकरण गर्न,
- जिल्ला, प्रदेश वा राष्ट्रियस्तरमा उदाहरणीय गाउँपालिका बन्ने विषय छनौट गरी सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गरी आफ्नो अधिकारको पूर्ण उपयोग गर्न,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तर्जुमा गरेको स्थानीय सरकारको संस्थागत स्वःमूल्याङ्कन पद्तीका सूचकहरू र संघीय तथा प्रादेशिक मन्त्रालय/निकायहरूले तयार गरेका मापदण्डहरूका आधारमा मूल्याङ्कन र नतिजा प्राप्ति गर्न,
- अन्तर सरकारी सम्बन्ध, समन्वय तथा सहकार्यलाई सहयोग गर्न,
- स्थानीय सरकारका हकहित संरक्षणका लागि पैरवी र प्रतिनिधित्व गर्न गाउँपालिका र तिनका महासंघलाई सहकार्य गर्ने वातावरण बनाउन,
- निर्धारित कार्यसम्पादन गरी उत्कृष्टता हासिल गरी गाउँपालिकाहरूबीच उदाहरणीय एवं अनुकरणीय बनि स्थानीय सरकारको साख बढाउन र
- गाउँपालिकाले वडा/बडाकाबीचमा सकारात्मक प्रतिस्पर्धा गराउनका लागि उपयोगी औजार हुने।

## ३. उद्देश्यः

- गाउँपालिकालाई आफ्ना अधिकारका सम्बन्धमा सु-सूचित गराई उदाहरणीय तथा अनुकरणीय कार्य गर्न अभिप्रेरित गर्ने,
- गाउँपालिकाहरूलाई जिम्मेवारी वोधमा सहजिकरण, नवप्रवर्तन र नतिजा प्राप्तिमा प्रोत्साहन गर्ने,

- स्थानीय सरकारहरूको चासो, उत्साह, चाहना सम्बोधन गरी उत्कृष्ट कार्यसम्पादन गर्न प्रोत्साहन गरी स्वमूल्याङ्कन पद्धति विकास गर्ने,
- गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र यस क्षेत्रमा कार्य गर्ने पेशागत संस्थाहरूले गाउँपालिकाहरूलाई उदाहरणीय कार्य गर्न क्षमता अभिवृद्धिका क्षेत्र पहिचान भई सहजीकरण तथा सहकार्य गर्ने ।

## ४. मुख्य आधार

- नेपालको संविधान, संघीयता, कानून र प्रभावकारी स्थानीय सरकारका विश्वव्यापी सैद्धान्तिक मान्यता एवं अभ्यास
- अधिकारको बाँडफाँड, प्रयोग र उपलब्धिहरू,

## ५. प्रयोगकर्ता तथा प्रयोग विधि

### ५.१. प्रयोगकर्ता

१. **गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत :**

- योजना तर्जुमा, लक्ष्य निर्धारण, कार्यान्वयन स्थिती पहिचान, प्राथमिकता निर्धारण र सुशासन कायम गर्न ।
- सम्बन्धित विषयगत संयोजकको कार्य र सेवा प्रवाहको अनुगमन गर्न ।
- आन्तरिक समन्वय, आन्तरिक विकेन्द्रीकरण तथा अधिकारको बाँडफाँड गर्न ।

२. **विषयगत समितिका संयोजक तथा विषयगत शाखा/महाशाखाका प्रमुखहरू :**

- विषयगत योजना तर्जुमा, लक्ष्य निर्धारण, कार्यान्वयन स्थिती पहिचान, प्राथमिकता निर्धारण, शाखा/महाशाखाहरूको कार्य र सेवा प्रवाह अनुगमन गर्न,
- आन्तरिक समन्वय, आन्तरिक विकेन्द्रीकरण तथा अधिकारको बाँडफाँड गर्न आदि ।

३. **वडा समिति, वडाध्यक्ष र वडा सदस्य :**

- वडा योजना तर्जुमा, प्राथमिकता निर्धारण, सेवा प्रवाह तथा योजना अनुगमन गर्न ।

४. **अन्य सरोकारवाला :**

- विकास साझेदारहरूलाई कार्य गर्ने क्षेत्र र सहयोगका क्षेत्र पहिचान गर्न ।
- नीजि क्षेत्रले लगानी तथा सहकार्यका क्षेत्र पहिचान गर्न ।

५. **नागरिक समाज :**

- सेवा प्रवाहमा सहभागिता तथा सहकार्य गर्न,
- सेवाको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्न ।

६. **जिल्ला समन्वय समिति :**

- पालिकाहरूको कार्यको अनुगमन तथा मूल्यांकन गर्न ।

### ५.२ प्रयोग विधि : प्रयोगका चरण :

१) गाउँपालिकाहरूलाई सूचकका विषयमा अभिुखीकरण गर्ने ।

२) कार्यान्वयनका लागि गाउँपालिकाहरूको चाहना पहिचान गर्ने ।

३) पहिचान भएका गाउँपालिकाहरूलाई क्षमता अभिवृद्धि तथा सहयोग, सहजीकरण गर्ने ।

४) गाउँपालिकाको कार्य जिम्मेवारी अनुरुप सवै विषयमा उदाहरणीय बन्ने वा उपलब्ध स्रोत साधन र आवश्यकता, क्षमता, प्राथमिकताका आधारमा छनौट गरेका विषय क्षेत्र वा उपक्षेत्रलाई मात्र लिएर अगाडी बढ्ने ।

५) नेपाल सरकार तथा प्रदेश सरकारहरूबाट गाउँपालिकामा लक्षित तथा विशेष कार्यक्रम सञ्चालनमा सहयोग हुनसक्ने ।

६) उदाहरणीय कार्य गरेको मापन र प्रमाणीकरण ।

## ६. उदाहरणीय उपलब्धी मापनका तरिका

गाउँपालिकाहरूले आफ्नो सम्भाव्यता, स्रोत र साधन, क्षमता तथा प्राथमिकताका आधारमा समग्र क्षेत्र, कुनै विषयक्षेत्र वा कुन तहमा उदाहरणीय बनाउने भन्ने विषय निर्धारण गर्न सक्छन् ।

१) गाउँपालिकास्तरमा : गाउँपालिकाका सवै विषयमा

२) वडा स्तरमा : गाउँपालिकाले वडाहरूको सेवा प्रवाहमा सकारात्मक प्रतिस्पर्धा गराई उदाहरणीय हुन कार्यक्रम सञ्चालन गर्ने ।

२) जिल्ला स्तरमा : जिल्लाका गाउँपालिकाहरू मध्ये सबैभन्दा उदाहरणीय हुने लक्ष्य लिई कार्यक्रम सञ्चालन गर्ने ।

३) प्रदेशस्तरमा : प्रदेशका गाउँपालिकाहरू मध्ये सवैभन्दा उदाहरणीय हुने लक्ष्य लिई कार्यक्रम सञ्चालन गर्ने ।

४) राष्ट्रियस्तरमा : देशका सबै गाउँपालिकाहरू मध्ये सबैभन्दा उदाहरणीय हुने लक्ष्य लिई कार्यक्रम सञ्चालन गर्ने ।

नमूना ढाँचा :

| सूचक | इकाई | राष्ट्रिय स्तरमा उच्च | प्रदेश स्तरमा उच्च | जिल्ला स्तरमा उच्च | गाउँपालिकाको शुरुको अवस्था | लक्ष्य | उपलब्धि |
|---|---|---|---|---|---|---|---|
| सारक्षता दर | प्रतिशत | ...... | ....... | ....... | ....... | ....... | ....... |
| शिशुमृत्यु दर | प्रतिशत | | | | | | |
| खाद्य सुरक्षा | प्रतिशत | | | | | | |

नोटः जिल्लाको उच्च अवस्था बारेको जानकारीलाई प्रदेशस्तरमा र सातै प्रदेशको उच्च अवस्था एकिकृत गरी राष्ट्रियस्तरको तथ्यांक तथा आधारस्तर (सूचना) तयार गर्न सकिन्छ । त्यसैले प्रति जिल्ला १ वटाका दरले पनि सुरु गर्न सकिने हुन्छ ।

## ७. मूल्यांकन विधि

शुरुको अवस्थाको गाउँपालिकाको यथार्थपरक तथ्यांक, निर्धारित लक्ष्य, लक्ष्य अनुरुपको उपलब्धिको मापन, कार्यान्वयन प्रक्रिया (सहभागितामूलक योजना तर्जुमा तथा कार्यान्वयन), दिगोपना तथा निरन्तरता, सुशासन र नागरिक सन्तुष्टि मूल्यांकनका मुख्य आधार हुनेछन् ।

उक्त मूल्यांकनका क्रममा सूचक तथा अंकभार निर्धारण, स्थलगत प्रमाणीकरण आदि प्राविधिक औजारहरूको विकास गरी सोको आधारमा गरिनेछ ।

मूल्यांकन विधि दुई किसिमबाट गरिनेछ : १) स्वमूल्यांकन, २) तेस्रो पक्ष मूल्यांकन

१) स्वमूल्यांकन : निर्धारित सूचकका आधारमा गाउँपालिका स्वयं र स्थानीय सरोकारवालाहरू (गैसस, नागरिक समाज, विकास साझेदार तथा निजी क्षेत्र) बाट मूल्यांकन गर्ने ।

२) तेस्रो पक्ष मूल्यांकन : निर्धारित सूचकका आधारमा विज्ञ टोली/संस्था, गाउँपालिका राष्ट्रिय महासंघ नेपाल, नागरिक समाज, जिल्ला समन्वय समितिका प्रतिनिधि, आवश्यता अनुसार नेपाल सरकार र प्रदेश सरकारको प्रतिनिधि रहेको समितिले मूल्याकन गर्ने ।

सूचक समेतलाई दृष्टिगत गरी संघ, प्रदेश र स्थानीय तहको नीति तथा मापदण्ड, आफ्नो नीति तथा मापदण्ड, छिमेकी गाउँपालिकाले बनाएको सान्दर्भिक मापदण्ड तथा महासंघले निर्धारण गरेको सापेक्षतामा मूल्यांकन गर्न उपयुक्त हुन्छ । यसरी मूल्यांकन गर्दा विकासको अवस्था, क्षमता, स्रोत र उपलब्धिलाई दृष्टिगत गरी समग्रतामा विषय क्षेत्र, उपक्षेत्रलाई समेत मूल्यांकन गर्नुपर्दछ ।

यसको आधारहरू गाउँपालिका छनौट भएपछि गाउँपालिकाको भूगोल, क्षमता, जनसंख्या, विकासको अवस्था, राजश्व परिचालनको

सम्भाव्यताका आधारलाई समेत मध्यनजर गरी मूल्यांकनका आधार फरक फरक तयार गर्नुपर्ने हुन्छ। भौगोलिकताका आधारमा कतिपय सूचकहरू हुवहु लागू हुन नसक्ने अवस्थामा आवश्यक परिमार्जन वा लागू हुने मात्र सूचकमा केन्द्रित गरी लेखाजोखा गर्नु पर्दछ।

## ८. सीमाहरू

- संघ, प्रदेश र स्थानीय तहका सम्पूर्ण नीति तथा कानूनहरूको सम्पूर्ण पक्ष नसमेटिएको।
- भूगोल, विकास (आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, संस्थागत आदि) को अवस्था, जनसंख्या, मापदण्ड आदिका पक्षहरूमा अहिले अनुमान गर्न सकिएको छैन।
- सवै गाउँपालिकामा यसमा उल्लेख भएका सूचकहरू समान रुपमा कार्यन्वयन हुन कठिन हुन सक्छ।

## ९. जोखिम

- उदाहरणीय हुने चाहनाले गाउँपालिकाले एउटा मात्र क्षेत्रलाई प्राथमिकता दिँदा अन्य आवश्यक क्षेत्रले उचित प्राथमिकता प्राप्त गर्न नसक्ने हुन सक्दछ।
- गाउँपालिकाहरूले उपलब्धिहरूको मूल्यांकनका लागि दावी गर्दा उपयोग गरिने तथ्यांक तथा सूचनाको गुणस्तरीयता एवं विश्वसनीयता र अद्यावधीकरणमा जटिलता।
- मूल्याङ्कन विधि, मूल्याङ्कन कर्ताको छनौट, क्षमता र विश्वसनीयता

## १०. मूल्यांकन विधि, मूल्यांकन कर्ताको छनौट, क्षमता र विश्वसनीयता। उदाहरणीय गाउँपालिकाका सूचकहरू

गाउँपालिका उदाहरणीय हुन आवश्यक पर्ने सूचकहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ।

# आर्थिक विकास




| विषय क्षेत्र | क्र.सं | उप क्षेत्र | सूचक संख्या | कैफियत |
|---|---|---|---|---|
| **आर्थिक विकासः कृषि, पशुसेवा, उद्योग, पर्यटन, बैंक, वित्तीय संस्था, सहकारी, गरिवी न्युनिकरण, रोजगारी र आयआर्जन आदि** | १ | कृषि, कृषि उत्पादन व्यवस्थापन | १६ | |
| | २ | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १३ | |
| | ३ | पशुपालन, पशु स्वास्थ्य | २१ | |
| | ४ | सहकारी संस्था | ६ | |
| | ५ | लघु, घरेलु तथा साना उद्योग | ९ | |
| | ६ | पर्यटन प्रवर्द्धन | ७ | |
| | ७ | खानी तथा खनिज पदार्थ | ५ | |
| | ८ | रोजगारी प्रवर्द्धन तथा तथ्यांक व्यवस्थापन | १० | |
| | ९ | गरिवी न्युनिकरण | ७ | |
| | | जम्मा | ९४ | ९४ |

## १. आर्थिक विकास

(कृषि, पशुसेवा, उद्योग, पर्यटन, बैंक, वित्तीय संस्था, सहकारी, गरिबी न्युनिकरण, रोजगारी र आयआर्जन आदि)

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| १. **कृषि, कृषि उत्पादन व्यवस्थापन** | १. कृषि सम्बन्धी आवश्यक नीति, कानून तथा मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुने<br>२. कृषि सम्बन्धी जिम्मेवारी तोकी कार्यान्वयन भएको हुने<br>३. गाउँपालिकामा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन गर्न आवश्यक प्राविधिक जनशक्ति रहेको हुने<br>४. हावा, पानी, माटो, उचाई र भौगर्भिक अवस्थाका आधारमा कृषि विकास योजना तर्जुमा गरेको हुने<br>५. कृषि शाखाले आवश्यक प्राविधिक सहित माटो प्रयोगशाला स्थापना गरी नियमित माटो परीक्षण गरेको हुने<br>६. गाउँपालिकाभित्र आवश्यकता अनुसार फलफूल नर्सरीको स्थापना भई योजना अनुसार फलफूल खेती भएको हुने<br>७. सतह, भूमिगत, वर्षातको पानी संकलन, लिफ्ट आदि प्रणालीबाट खेतीयोग्य सवै जमिनमा सिंचाई भएको हुने<br>८. बिउ बैंक स्थापना भई बैंकबाट किसानले सिफारिसका आधारमा बिउ प्रयोग गरेको हुने<br>९. तरकारी, नगदेवाली, फलफूल र दुधको संकलन तथा भण्डारण गर्ने व्यवस्था भएको हुने<br>१०. तरकारी, नगदेवाली, फलफूल, दुध तथा मासु गुणस्तरयुक्त भएको हुने<br>११. गाउँपालिकाभित्र उत्पादन बचत हुने अवस्थामा तरकारी, फलफूल, मासु र दुधका लागि चिस्यान केन्द्र र निर्यातका लागि चिस्यान सहितको ढुवानीको साधन (गाडी) को व्यवस्था भएको हुने<br>१२. गाउँपालिकाले साझेदारी वा सम्भाव्यताको आधारमा आफ्नै गुणस्तर जाँच गर्न खाद्य गुणस्तर प्रयोगशाला स्थापना भई नियमित परीक्षण भएको हुने<br>१३. कृषि वीमा कार्यक्रम सञ्चालन भएको हुने<br>१४. कृषि क्षेत्रमा यान्त्रिकीकरण आरम्भ गरेको हुने<br>१५. वाली संरक्षण कार्यक्रम संचालन भएको हुने<br>१६. अन्तरपालिका तथा प्रदेशसँगको साझेदारीमा थोकबजार तथा विक्री केन्द्रको व्यवस्था भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ उत्पादन र उपभोग विवरण<br>~ योजना, अनुगमन र समीक्षा दस्तावेज<br>~ प्रगति प्रतिवेदन<br>~ तथ्यांक र अभिलेख<br>~ नागरिक सन्तुष्टि मापन सर्भेक्षण प्रतिवेदन<br>~ खाद्य सुरक्षाको प्रत्याभूति |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
| --- | --- | --- |
| २. **कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण** | १७. कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन तथा नियमन भएको हुने<br>१८. कृषि प्रसारका लागि आवश्यक जनशक्तिको प्रक्षेपण गरी आवश्यक ज्ञान तथा सीप विकास र परिचालन भएको हुने<br>१९. कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास एवं सशक्तीकरण भएको हुने<br>२०. रैथाने विउको संरक्षण र सम्बर्द्धन भएको हुने<br>२१. कार्यक्रममा आवद्ध तथा रैथाने खेतीप्रणाली अवलम्बन गर्ने किसानहरू संख्या बृद्धि भएको हुने<br>२२. कृषकहरूलाई कृषि सम्बन्धी प्रविधि संरक्षण र हस्तान्तरण मार्फत उत्पादकत्व र उत्पादनमा बृद्धि तथा लागत खर्च घटेको हुने<br>२३. कृषि विउ विजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन भएको हुने<br>२४. कृषक समूह, कृषि सहकारी तथा कृषक सम्बन्धी स्थानीय संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन भएको हुने<br>२५. कृषि सम्बन्धी सूचनाको प्रचार प्रसारको व्यवस्था भई प्रसार भएको हुने<br>२६. स्थानीयस्तरमा स्रोत केन्द्रहरूको विकास, तथा व्यवस्थापन भएको हुने<br>२७. प्रांगारिक खेती, कम्पोष्ट तथा जैविक मलको उत्पादन, प्रवर्द्धन र प्रचार प्रसार भएको हुने<br>२८. एक वस्ती एक उत्पादन कार्यक्रम सञ्चालन भई सघन उत्पादन र बृद्धि भएको हुने<br>२९. प्रदेश तथा संघ सरकारबाट सञ्चालित परियोजना तथा कार्यक्रमसँग समन्वय गरी सञ्चालन भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ कृषि प्रसार कार्यक्रम सम्बन्धी विवरण<br>~ प्रगति प्रतिवेदन<br>~ योजना, अनुगमन र समीक्षा प्रतिवेदन<br>~ कृषि प्रविधिको प्रयोगको स्थिती |
| ३. **पशुपालन, पशु स्वास्थ्य** | ३०. पशु विकास तथा स्वास्थ्य सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुने<br>३१. पशु विकास तथा स्वास्थ्यका लागि जिम्मेवारी तोकी यस क्षेत्रको नेतृत्व गरेको हुने<br>३२. पशु विकास तथा स्वास्थ्यका लागि आवश्यक भौतिक पूर्वाधार, प्रयोगशाला र प्राविधिक जनशक्ति रहेको हुने<br>३३. उन्नत नश्ल तथा कृत्रिम गर्भाधानको व्यवस्था र सेवा सुविधा भएको हुने<br>३४. पशु/पंक्षी फार्म सञ्चालन भई उत्पादन वृद्धि भएको हुने<br>३५. उन्नत गोठ सुधार, भकारो सुधार तथा प्राङ्गारिक मल उत्पादन कार्यक्रम सञ्चालन भएको हुने<br>३६. पशुपंक्षी वीमा कार्यक्रम सञ्चालन भएको हुने<br>३७. पशुपंक्षीजन्य प्रकोप न्यूनीकरण तथा महामारी नियन्त्रण भएको हुने<br>३८. पशुस्वास्थ्य सम्बन्धी औषधी तथा भ्याक्सिन उपलब्धता तथा सो कार्यक्रम नियमित भएको हुने<br>३९. प्याराभेटेनरी व्यवसायीको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन भएको हुने<br>४०. पशु व्यवसायलाई यान्त्रीकीकरण गर्ने, घाँसलाई साइलेज बनाई संरक्षण गर्ने र साइलोपिट निर्माण कार्यक्रम सञ्चालन भएको हुने<br>४१. स्थानीय हावापानीमैत्री पोषणयुक्त डालेघाँस र भुईं घाँसको पर्याप्त मात्रामा विकास गर्न विउ र नर्सरीको विकास भएको हुने<br>४२. दुधका विभिन्न परिकार उत्पादन भई बजार प्रवर्द्धन भएको हुने<br>४३. गाउँपालिकाभित्र माग र उपयोग सम्भाव्यता अनुसार ह्याचरी स्थापना भएको हुने<br>४४. प्रत्येक वडामो प्राविधिक र पशु चिकित्सय सेवा उपलब्ध भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ पशु स्वास्थ्य कार्यक्रम सम्बन्धी विवरण<br>~ पोषणको प्रगति स्थिती<br>~ पशु विकास कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन<br>~ योजना, अनुगमन र समीक्षा प्रतिवेदन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | ४५. पोषणका लागि मिनेरल ब्लक उपलब्ध भई पशुजन्य उत्पादन लागत घटेको हुने<br>४६. प्रारम्भिक तहको आधारभूत, व्यवहारिक र अनुशरणीय अध्ययन अनुसन्धान प्रणाली स्थापना भएको हुने<br>४७. कृषि तथा पशुजन्य वस्तुहरूको व्यवसायिक उत्पादन थलो नजिक संकलन केन्द्र तथा थोक बजार र बाह्य क्षेत्रमा बजार सञ्जाल विकास र विस्तार भएको हुने<br>४८. कृषि बन विकास भएको हुने<br>४९. किसानहरूका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था भएको हुने<br>५०. पशु बधशाला संचालन भएको हुने | |
| **४. सहकारी संस्था** | ५१. सहकारी संस्था सम्बन्धी नीति, कानून र मापदण्ड र नियमन भएको हुने<br>५२. गाउँपालिकामा सहकारी सम्बन्धी जिम्मेवार शाखा र व्यक्ति तोकी कार्यसम्पादन र नियमन भएको हुने<br>५३. गाउँपालिकामा आवश्यकता अनुसार समावेशी प्रतिनिधित्व भएका सहकारी संस्था सञ्चालनमा रहेका हुने<br>५४. सहकारी सम्पर्क व्यक्तिले सहकारी ऐन वमोजिम सहकारीहरूको अनुगमन गरी प्रत्येक सहकारी संस्थाको व्यवसायिक योजना, वित्तीय स्थिती र संस्थागत सुशासन स्थिती अभिलेखीकरण र सहकारीहरूको तुलनात्मक स्थिती चौमासिक रुपमा सार्वजनिक गर्ने गरेको हुने<br>५५. वित्तीय सरकारीहरूद्धारा कानून वमोजिम विपन्न जनताका लागि सकारात्मक विभेदको नीति अवलम्बन भएको हुने<br>५६. सहकारी संस्थाले वित्तीय पहुँच वृद्धि, रोजगारी सिर्जना आदि मार्फत स्थानीय आर्थिक विकासमा योगदान बृद्धि भइरहेको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ सहकारी संस्था स्थिती विवरण<br>~ व्यवसायिक योजना र वार्षिक समीक्षा प्रतिवेदन<br>~ अनुगमन प्रतिवेदन<br>~ लेखापरीक्षण प्रतिवेदन<br>~ वार्षिक प्रतिवेदन<br>~ सफलताका कथाहरू |
| **५. लघु, घरेलु तथा साना उद्योग** | ५७. घरेलु तथा साना उद्योग सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा भई दर्ता, अनुमति तथा नियमन भएको हुने<br>५८. घरेलु तथा साना उद्योग सम्बन्धी जिम्मेवारी तोकी कार्यान्वयन भएको हुने<br>५९. बजार सम्भाव्यता र स्थानीय कच्चा पदार्थमा आधारित उद्यमशिलताको विकास भई साना उद्योग, घरेलु उद्योग, लघु उद्यम सञ्चालन भएको हुने<br>६०. गाउँपालिकाका साना उद्योग, घरेलु उद्योग, लघु उद्यमको अधिकत्तम उपयोग भएको हुने<br>६१. साना उद्योग, घरेलु उद्योग, लघु उद्यममा संलग्न उद्यमीले बैंक, वित्तीय संस्था, सहकारी आदिबाट सहज रुपमा ऋण प्राप्त गर्ने अवस्था भएको हुने<br>६२. साना उद्योग, घरेलु उद्योग, लघु उद्यमहरू वीमासँग आवद्ध भई जोखिम न्यूनीकरण व्यवस्था भएको हुने<br>६३. गाउँपालिका अन्तर्गत औद्योगिक ग्राम निर्माण भई औद्योगिक उत्पादन निर्यात भएको<br>६४. कृषि, जडिवुटी, पर्यटन र बन सम्पदासँग सम्बन्धित मध्ये सम्भाव्य उद्योगहरू स्थापना तथा सञ्चालन भएको हुने<br>६५. गाउँपालिकाका प्रत्येक घरपरिवार आयआर्जन क्रियाकलापमा संलग्न भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी योजना र उपलब्धि<br>~ घरेलु तथा साना उद्योग सम्बन्धी अभिलेख<br>~ औधोगिक उत्पादन, उपभोग र विक्रि वितरणको तथ्याङ्क<br>~ अनुगमन तथा वार्षिक प्रतिवेदन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| **६. पर्यटन प्रवर्द्धन** | ६६. स्थानीय पर्यटन गुरुयोजना तर्जुमा भई कार्यान्वयन गरेको हुने<br>६७. पर्यटन सम्बन्धी जिम्मेवारी तोकी सम्भाव्यताका आधारमा पर्यटन प्रवर्द्धन भएको हुने<br>६८. वन्यजन्तु पर्यटन तथा घरवास पर्यटन (होमस्टे) प्रवर्द्धन भएको हुने<br>६९. प्राकृतिक, धार्मिक, साँस्कृतिक आदि सम्पदाको सम्भाव्यताको आधारमा स्थानीय पर्यटकीय स्थलहरू प्रवर्द्धन भई पर्यटकको आवागमन बढेको हुने<br>७०. पर्यटकका लागि स्थानीयताका आधारमा भरपर्दो यातायात, आवास र सुरक्षाको व्यवस्था भएको हुने<br>७१. स्थानीय सीप, दक्षता तथा उत्पादनले पर्यटनका माध्यमबाट बजार प्रर्वधन भएको हुने<br>७२. नयाँ नयाँ पर्यटकीय क्षेत्र, वस्तु तथा सेवा विस्तारको योजना कार्यान्वयन भएको हुने | ~ योजना दस्तावेज<br>~ अनुगमन तथा समीक्षा प्रतिवेदन<br>~ पर्यटकीय तथ्याङ्क<br>~ प्रगति प्रतिवेदन |
| **७. खानी तथा खनिज पदार्थ** | ७३. खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड तयार भई कार्यान्वयन भएको हुने<br>७४. गाउँपालिका क्षेत्रभित्र उपलब्ध बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थ सूचीकृत गरेको हुने<br>७५. संघ र प्रदेशसँग समन्वय गरी खानी तथा खनिज पदार्थको परिमाण, गुणस्तर र परिचालनको सम्भाव्यता अध्ययन गरेको हुने<br>७६. वातावरणीय सन्तुलनलाई असर नपर्ने गरी ढुंगा, गिट्टी, बालुवा, माटो तथा स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन प्रभावकारी रुपमा गरेको हुने<br>७७. स्थानीय स्रोतले परिचालन गर्न नसक्ने खानी तथा खनिज पदार्थ परिचालनका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय तथा सहकार्य गरेको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ खानी तथा खनिज पदार्थको अभिलेख<br>~ खानी तथा खनिज पदार्थ उत्पादन र उपयोग सम्बन्धी कार्यविधि<br>~ वार्षिक योजना पुस्तिका<br>~ प्रदेश र संघ सरकारसँग समन्वय र सहकार्य सम्बन्धी अभिलेख<br>~ प्रगति प्रतिवेदन |
| **८. रोजगारी प्रवर्द्धन तथा तथ्यांक व्यवस्थापन** | ७८. वेरोजगार सम्बन्धी जिम्मेवारी तोकी आवश्यक नीति, कानून तर्जुमा तथा कार्यान्वयन भएको हुने<br>७९. रोजगार तथा वेरोजगार श्रमशक्तिको तथ्यांक संकलन गरी वर्गीकरण र चौमासिक रुपमा अद्यावधिक गर्ने गरेका हुने<br>८०. स्थानीयस्तरमा रहेका स्वदेशी र विदेशी श्रमिकको तथ्यांक अद्यावधिक भएको हुने<br>८१. वेरोजगार जनशक्ति रोजगारी योजना तर्जुमा तथा कार्यान्वयन गरेको हुने<br>८२. सम्बन्धित संघीय निकायहरूको समन्वयमा बैदेशिक रोजगारीमा जान चाहनेलाई श्रमशक्तिका लागि सुरक्षित बैदेशिक रोजगारी, वित्तीय साक्षरता, सीपमूलक तालिम कार्यक्रम संचालन भएको हुने<br>८३. वैदेशिक रोजगारीमा रहेका जनशक्तिको सूचना व्यवस्थापन भएको हुने<br>८४. बैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप तथा उद्यमशीलताको उपयोग र बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई सामाजिक पुनः एकीकरणका लागि सहजीकरण भएको हुने<br>८५. गाउँपालिकामा रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा संचालन भएको हुने<br>८६. कम्तिमा १०% वेरोजगारको सूचीमा आवद्ध व्यक्तिहरूलाई नियमित रोजगारीको प्रवन्ध गर्ने गरेको हुने<br>८७. वेरोजगारको सूचीमा सूचीकृत व्यक्तिलाई वार्षिक १०० दिन रोजगारीको प्रबन्ध भएको हुने | ~ नीति र कानून<br>~ वेरोजगारको सूची तथा रोजगारी प्राप्तको अभिलेख<br>~ रोजगारी योजना तथा समीक्षा प्रतिवेदन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ९. **गरिवी न्युनिकरण** | ८८. गरिवी निवारण सम्बन्धी नीति, कानून, मापदण्ड, नियमन भएको हुने<br>८९. गाउँपालिकाको गरिबी पहिचान, संख्या अध्यावधिकरण र योजना तर्जुमा भई कार्यान्वयन भएको हुने<br>९०. सीप विकास र त्यसको उपयोगबाट आयआर्जन भएको हुने<br>९१. संघ र प्रदेशसँग गरिबी न्यूनीकरणमा संस्थागत समन्वय र सहकार्य भएको हुने<br>९२. गाउँपालिका अन्तर्गत आधारभूत आवश्यकता परिपूर्तिका लागि आवश्यक बजेट विनियोजन भई खर्च भएको हुने<br>९३. गरिब घर परिवार पहिचान सम्बन्धी स्थानीय सर्भेक्षण, सूचना व्यवस्थापन र नियमन भएको हुने<br>९४. गरिबीको रेखामुनी रहेका घरपरिवारलाई माथि उठाउने योजना र कार्यान्वयनबाट ९०% गरिबी घटेको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ गरिबी न्यूनीकरण योजना<br>~ गरिबी न्यूनीकरण विवरण र जीवनस्तरमा सुधारको स्थिती<br>~ नीति र संस्थागत व्यवस्था<br>~ अनुगमन तथा समीक्षा प्रतिवेदन<br>~ प्रभाव मूल्यांकन प्रतिवेदन |

# सामाजिक विकास




| विषय क्षेत्र | क्र.सं | उप क्षेत्र | सूचक संख्या | कैफियत |
|---|---|---|---|---|
| **सामाजिक विकास: आधारभूत र माध्यमिक शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, खेलकूद, स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन)** | १० | पूर्वप्राथमिक तह (प्रारम्भिक वालविकास कक्षा र वालविकास केन्द्र) | ११ | |
| | ११ | आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा | १०४ | |
| | १२ | आधारभूत स्वास्थ्य तथा स्वास्थ्य सेवा | ६१ | |
| | १३ | खानेपानी | १६ | |
| | १४ | सरसफाई | ९ | |
| | १५ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | ३ | |
| | १६ | खेलकूद | ४ | |
| | १७ | पत्रपत्रिका | ३ | |
| | १८ | सामाजिक सुरक्षा | ५ | |
| | १९ | लैंगिक सम विकास | २४ | |
| | २० | लक्षित समुदाय विकास | १६ | |
| | २१ | बालमैत्री विकास | ३० | |
| | २२ | जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र सक्तहरुको व्यवस्थापन | २५ | |
| | २३ | युवामैत्री विकास | १५ | |
| | २४ | दुर्गम तथा पिछडिएको क्षेत्र विकास | ३ | |
| | | जम्मा | ३२९ | ४२३ |

## २. सामाजिक विकास

(आधारभूत र माध्यमिक शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, खेलकूद, स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र प्रवर्द्धन)

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| १०. **पूर्वप्राथमिक तह (प्रारम्भिक वालविकास कक्षा र वालविकास केन्द्र)** | ९५. पूर्व प्राथमिक तह आधारभूत विद्यालयसँग तादात्म्यता गराई २ वर्षे शिशुविकास कार्यक्रम सञ्चालन भएको हुने<br>९६. सघन वस्तीमा खेलकूद, मनोरञ्जन र औचित्यका आधारमा बालउद्यानको व्यवस्था भएको हुने<br>९७. प्रत्येक बालबालिकाका लागि बाल वचाउ, वाल संरक्षण, वालविकास र वालसहभागिताको अधिकार सुनिश्चित भएको हुने<br>९८. शिक्षा, स्वास्थ्य, पोषण र उत्प्रेरणा एकीकृत रुपमा सञ्चालन भएको हुने<br>९९. नवजात शिशुको स्वास्थ्य र हेरचाहका लागि घरघरमा नर्सिंग सेवा उपलब्ध भएको हुने<br>१००. वाल हेरचाह केन्द्र स्थापना भएको हुने<br>१०१. अपांगता भएका वालवालिका, टुहुरा वालवालिका, सडक वालवालिका तथा अन्य जोखिममा रहेका वालवालिकालाई उचित सम्बोधन भएको हुने<br>१०२. वालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था भएको हुने<br>१०३. वालविकास शिक्षक, वालविकास मनोविज्ञान विषय वा प्रारम्भिक वालविकास विषयमा न्यूनतम माध्यमिक शिक्षा परीक्षा (१० कक्षा) वा सो सरह उत्तीर्ण गरी आधारभूत तालिम लिएको हुने स्थानीय विषयवस्तु समावेश भएको पाठ्यक्रम बनाई सञ्चालन भएको हुने<br>१०४. गाउँपालिकामा वालविकास परिषद गठन गरेको हुने<br>१०५. विद्यालय व्यवस्थापन समिति सदस्यको संयोजकत्वमा अभिभावक र वालविकास केन्द्र सञ्चालक समेत रहने गरी व्यवस्थापन उपसमिति गठन भएको हुने | ~ योजना दस्तावेज<br>~ शैक्षिक प्रतिवेदन<br>~ प्रगति प्रतिवेदन<br>~ अनुगमन तथा समीक्षा प्रतिवेदन<br>~ स्थलगत अवलोकन |
| ११. **आधारभूत शिक्षा तथा माध्यमिक शिक्षा** | १०६. शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा भई कार्यान्वयन तथा नियमन भएको हुने<br>१०७. गाउँपालिका शिक्षा सुधार तथा विकास योजना तर्जुमा भई कार्यन्वयन भएको हुने<br>१०८. गाउँपालिकामा शिक्षा सम्बन्धी जिम्मेवारी तोकिई कार्य भएको हुने<br>१०९. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, संचालन, अनुमति, व्यवस्थापन तथा नियमन भएको हुने<br>११०. विपन्न, अपांगता भएका व्यक्ति र पछाडि पारिएका सवै समुदायका वालवालिकाले आधारभूत तह पूरा गरेका हुने<br>१११. असमान, अपुग शिक्षकलाई राष्ट्रिय मान्यता अनुरुप दरबन्दी व्यवस्था र योग्यता परीक्षण गरी पुनःवितरण र समायोजन भएको हुने<br>११२. कक्षा ३, कक्षा ५, कक्षा ८ र कक्षा १० मा शिक्षक संयोजक र तहगत प्रधानाध्यापकको व्यवस्था गरेको हुने<br>११३. अपांगता र लैंगिक तथा वातावरणमैत्री कक्षा कोठा, शौचालय र सुविधायुक्त बसाई व्यवस्थापन भएको हुने<br>११४. इन्टरनेट सहितको कम्प्युटर ल्याव, साइन्स ल्याव र म्याथ ल्यावको व्यवस्था भएको हुने<br>११५. डिजिटल लिट्रेसी र आइसिटि इन एजुकेसनको व्यवस्था सवै विद्यालयमा भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ योजना दस्तावेज<br>~ शैक्षिक प्रतिवेदन/प्राविधिक तथा व्यवायीक शिक्षाको विवरण<br>~ प्रगति प्रतिवेदन<br>~ अनुगमन तथा समीक्षा प्रतिवेदन<br>~ गाउँपालिका प्रोफाईल<br>~ लेखापरीक्षण प्रतिवेदन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | ११६. खेलकूद मैदान र विद्यालयस्तर र अन्तरविद्यालयस्तरको प्रतियोगिता नियमित भएको हुने<br>११७. साहित्य, संगीत, कला, हाजिरी जवाफ प्रतियोगिता विद्यालय तह र गाउँपालिका तहमा नियमित भएको हुने<br>११८. पाठ्यक्रममा आधारित वालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापको विकास भएको हुने<br>११९. सवै विद्यालयमा दैनिक पाठयोजना निर्माण गरी कक्षा सञ्चालन भएको हुने<br>१२०. वालमैत्री शिक्षण सिकाई पूर्णरुपमा प्रयोग भएको हुने<br>१२१. गाउँपालिकास्तरमा प्रत्येक दुई महिनाको एक पटक विषयगत शिक्षक, कक्षा संयोजक र प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको अलग अलग सञ्जालीकरण बैठक एवं अनुभव आदान प्रदान भएको हुने<br>१२२. आधारभूत विद्यालय आधा घण्टाको दुरीभन्दा बढी हिड्न नपर्ने गरी विद्यालय सेवा क्षेत्र (School cachment area/ school zoning) का आधारमा विद्यालय निर्धारण भएको हुने, यदि सो हुन नसकेमा आवास वा यातायात सुविधाको व्यवस्था भएको हुने<br>१२३. आधारभूत तहमा कक्षा ३, कक्षा ५ र कक्षा ८ सम्मका विद्यालय भएका हुने<br>१२४. पातलो वस्ती र दुर्गम क्षेत्रका विद्यार्थी संख्या थोरै भएका स्थानमा शिक्षकलाई विशेष तालिम प्रदान गरी बहुकक्षा तथा वहुतह कक्षा सञ्चालन भएको हुने<br>१२५. प्रत्येक विद्यालयमा पुस्तकालय, बुक कर्नर, इपुस्तकालय, डिस्प्ले बोर्ड, डिजिटल हाजिरी, डिजिटल मनिटरिंग, इन्फरमेसन एप्सको व्यवस्था भएको हुने<br>१२६. विपन्न, टुहुरा वालवालिकाका लागि स्टेशनरी, दिवा खाजा र पोशाकको व्यवस्था गाउँपालिकाबाट भएको हुने<br>१२७. हरेक विद्यालयस्तरमा शैक्षिक विकासका लागि कल्याणकारी कोष स्थापना गरी समाजसेवी, चन्दादाता, पूर्वविद्यार्थी, व्यापारी, व्यवसायी, शिक्षक, विद्यार्थीबाट दान सहयोग प्राप्त गरेको हुने<br>१२८. गाउँपालिकाले परिवार र समुदायका कामसँग मिल्दोजुल्दो पाठ्यक्रम र शिक्षक निर्देशिका तयार गरी विद्यालयमा सिकाई व्यवस्था भएको हुने<br>१२९. कृषि क्षेत्रका विद्यालयमा विद्यालय कृषि फार्मको व्यवस्था गरी विद्यार्थीलाई सिकाइएको हुने<br>१३०. आधारभूत तहमा स्थानीय इतिहास सिकाइएको हुने<br>१३१. माध्यमिक तह कक्षा १० सम्म राष्ट्रिय र कक्षा १२ सम्म अन्तराष्ट्रिय इतिहास सिकाइएको हुने<br>१३२. गरिब, विपन्न, दलित, अपांगता भएका वालवालिकाको तथ्यांक अद्यावधिक भएको हुने<br>१३३. अनिवार्य शिक्षाको सुनिश्चित गर्न संगठन संरचना र जिम्मेवारी निर्धारण गरिएको हुने<br>१३४. आधारभूत तहसम्मको चक्र पुरा नहुञ्जेलसम्म विद्यालय छोड्ने प्रवृत्तिलाई रोकथाम गर्ने कार्यक्रम (Dropout prevention program) लागू गरी घरपरिवारदेखि विद्यालयसम्म निरन्तर अनुगमन, परामर्श गरी पूर्ण शिक्षण सिकाईको व्यवस्था भएको हुने<br>१३५. कक्षा १ देखि नै वालवालिकाको स्तर अनुसारको स्वावलम्बन सम्बन्धी स्थानीय पाठ्यक्रम तयार गरी व्यवहारिक शिक्षण सिकाईका व्यवस्था भएको हुने | |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | १३६. कक्षा ५ भन्दा माथि स्थानीय पाठ्यक्रमकै रुपमा स्थानीय कला, शिल्प (जस्तै वाद्यवादन, चित्रकला, कालिगढी, थान्का, सुनचाँदी, फलाम, काष्ठ आदि कला) को शिक्षण सिकाई भएको हुने<br>१३७. पाठ्क्रममा गृह विज्ञान विषय समावेश भएको हुने<br>१३८. व्यवसायिक विषयको अध्ययनको गृहकार्य प्रयोगात्मक भएको हुने<br>१३९. विद्यालयमा सांस्कृतिक पर्व मनाइएको हुने<br>१४०. विद्यालय शान्ति क्षेत्रको अवधारणा लागू भएको हुने<br>१४१. शिक्षालयहरू दण्डरहीत शिक्षण सिकाई गर्ने थलोको रुपमा विकास भएको हुने<br>१४२. शिक्षकमा व्यवसायिक दक्षता निर्धारण अनिवार्य गरी सो आधारमा शिक्षक व्यवस्थापन भएको हुने<br>१४३. शिक्षकहरूलाई पूर्वसेवाकालीन र सेवाकालीन तालिम प्रदान गरी आधुनिक सूचना प्रविधिसँग शिक्षण सामग्री, शिक्षण सिकाई जोड्दै व्यवहारिक बनाइएको हुने<br>१४४. विद्यार्थीको सिकाई उपलब्धिसँग शिक्षकको कार्यसम्पादन जोड्ने गरी मूल्यांकन पद्धतिको विकास भएको हुने<br>१४५. फरक फरक विद्यालयको सिकाईलाई समान हुनेगरी मूल्यांकन गर्न शैक्षिक पूर्वाधारको अवस्था समान बनाइएको हुने<br>१४६. विद्यार्थी सिकाई उपलब्धि, सिकाई क्रियाकलाप, सुपरीवेक्षकको रोहवरमा सञ्चालन गरेका कक्षा संख्या, शिक्षक हाजिरी र वार्षिक प्रतिवेदन स्पष्ट र पारदर्शी सूचकका आधारमा शिक्षकको कार्यसम्पादन मूल्यांकन भएको हुने<br>१४७. स्थलगत र विद्युतीय दुवै माध्यमबाट अनुगमन भएको हुने<br>१४८. कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने वालवालिकाको शारीरिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकासका लागि पोषणयुक्त खाजा, स्वास्थ्य उपचार सेवा, खेदकूद, मनोरञ्जन र वालमैत्री अन्तरक्रियात्मक सिकाई वातावरण सुनिश्चित भएको हुने<br>१४९. वार्षिक कार्यसम्पादनमा उत्कृष्ठ हुने शिक्षक र सिकाईमा अब्बल विद्यार्थीलाई पुरस्कार गर्ने व्यवस्था भएको हुने<br>१५०. नेपाली र अंग्रेजी वाहेक कक्षा ३ सम्म विज्ञान, गणित र सामाजिक जस्ता विषयमा मातृभाषाका माध्यमबाट पठन पाठन गराइएको हुने<br>१५१. बहुभाषी कक्षा कोठामा मातृभाषामा आधारित बहुभाषी शिक्षण पद्धति लागू भएको हुने<br>१५२. पछाडि परेका विद्यार्थीका लागि रिमेडियल सर्पोट कार्यक्रम सञ्चालन भएको हुने<br>१५३. आधारभूत तह कक्षा १ देखि ३ सम्म कक्षा शिक्षण पद्धति र कक्षा ४ भन्दा माथि विषयगत शिक्षक व्यवस्था भएका हुने<br>१५४. सवै प्रकृतिका विद्यालयमा समानस्तरको शिक्षक व्यवस्था भएको हुने<br>१५५. विद्यालयको समग्र प्रतिफलका आधारमा प्रधानाध्यापकको मूल्यांकन गर्ने व्यवस्था भएको हुने<br>१५६. विद्यालय क्रियाकलाप, शैक्षिक प्रगति, विद्यार्थी टिकाउ अवस्था, आय व्यय अवस्थाका वारेमा विद्यालय व्यवस्थापन समितिद्धारा परीक्षण गरी गाउँपालिकामा प्रतिवेदन प्रस्तुत गरिएको हुने<br>१५७. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरूको व्यवसायिक आचारसंहिता लागू भएको हुने<br>१५८. वालमैत्री विद्यालय बनाउदै शारीरिक र मनावैज्ञानिक दण्ड व्यवस्था निषेध भएको हुने | |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | १५९. शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापकप्रति र सिकाई उपलब्धिका लागि विद्यार्थी तथा अभिभावकप्रति उत्तरदायी हुने व्यवस्था भएको हुने<br>१६०. प्रधानाध्यापक सिकाई र व्यवस्थापन दुवैका लागि स्थानीय सरकारप्रति उत्तरदायी हुने प्रणाली स्थापित भएको हुने<br>१६१. शिक्षक नियमितता र शैक्षिक गुणस्तर बृद्धिका लागि प्रधानाध्यापकले कक्षा निरीक्षण तथा अनुगमन गरी आचरण विपरीत कार्य गर्ने शिक्षकलाई कारवाही गर्ने अधिकार दिएको हुने<br>१६२. शैक्षिक उपलब्धिका सूचक तयार गरी उपलब्धिका आधारमा दण्ड र पुरस्कारको व्यवस्था भएको हुने<br>१६३. स्थानीय कानूनमा विद्यालय सुपरीवेक्षकको व्यवस्था गरेको हुने<br>१६४. स्थानीय विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाट मुख्य शिक्षक (Lead Teacher) को छनौट गरी उनीहरूलाई नमूना पाठ प्रदर्शन तथा सिकाई मार्गदर्शन गर्न सक्ने गरी शिक्षक सुपरीवेक्षक र सहयोगको काममा लगाइएको हुने<br>१६५. विद्यालयले सुपरीवेक्षक र मुख्य शिक्षकलाई कक्षा अवलोकन गर्न र पृष्ठपोषणका लागि आमन्त्रण गर्न सक्ने व्यवस्था भएको हुने<br>१६६. सुपरीवेक्षक र प्रधानाध्यापकले तत्सम्बन्धी प्रतिवेदन मासिक रुपमा गाउँपालिकामा प्रस्तुत गर्ने व्यवस्था भएको हुने<br>१६७. माध्यमिक तहमा हरेक व्यक्तिभित्र रहेको गुण, क्षमता र प्रतिभाको पहिचान गरी प्रस्फुटन हुने अवसर सिर्जना भएको हुने<br>१६८. विद्यार्थीहरूमा समालोचनात्मक चेत, वैज्ञानिक दृष्टिकोण निर्माण, राष्टप्रेमी, समुदायमुखी, विवेकशील र उद्यमशील चरित्र निर्माण भएको हुने<br>१६९. स्वावलम्वी, उत्पादनमूलक र श्रमप्रति आस्थावान जनशक्ति उत्पादन भएको हुने<br>१७०. माध्यमिक तहमा कम्तिमा पनि ९०% विद्यार्थीहरूको भर्ना दर र ८०% विद्यार्थी टिकाउ दर रहेको हुने<br>१७१. माध्यमिक तहमा औषत सिकाई उपलब्धि ८०% भएको हुने<br>१७२. शिक्षण सिकाई पाठ्यपुस्तकमा मात्र आधारित नभई पाठ्यक्रममा आधारित भएको हुने<br>१७३. विद्यालय पुस्तकालयबाट शिक्षक, विद्यार्थीहरूले पुरक ज्ञानका पुस्तक अध्ययन गर्ने, तर्क र बहस गर्ने, पुरक विचारलाई सम्मान गर्ने अभ्यास भएको हुने<br>१७४. प्रधानाध्यापकलाई विद्यालयभित्र प्राज्ञिक उन्नयन, सुशासन र व्यवस्थापनका लागि जिम्मेवार बनाउने व्यवस्था भएको हुने<br>१७५. प्रधानाध्यापकलाई प्राज्ञिक स्वायत्तता, क्षमता, कुशलता, छनौट र उत्प्रेरणाका लागि सबल बनाइएको हुने<br>१७६. शिक्षकलाई अध्ययन, अनुसन्धान, खोज, ज्ञान र सीपको पुनर्ताजगीकरण गरिरहने प्रणालीको विकास भएको हुने<br>१७७. विद्यार्थी कम भएका विद्यालय समायोजन गरी यातायात सुविधा उपलब्ध गराईको हुने<br>१७८. पातलो वस्ती, दुर्गमता र हिमाली क्षेत्रमा आवासीय तथा वातानुकूलित विद्यालय स्थापना गरी बाह्रै महिना सञ्चालन हुने अवस्था भएको हुने<br>१७९. प्रत्येक विद्यालयमा औषधि उपचार कक्षको व्यवस्था भएको हुने<br>१८०. शिक्षक, जनप्रतिनिधि तथा सरकारी कोषबाट तलव सुविधा उपभोग गर्ने सवैले आफ्ना परिवारका बालबालिका सामुदायिक विद्यालयमा पढाएको हुने<br>१८१. हरेक ५ वर्षमा शिक्षक सरुवा हुने प्रणाली स्थापित भएको हुने | |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | १८२. विद्यालयको गुणस्तर सुधार गर्न दक्ष प्रधानाध्यापकको लागि आकर्षक तलव तथा सुविधा व्यवस्था गरी अलग दरवन्दी व्यवस्था भएको हुने<br>१८३. प्रधानाध्यापकका लागि कम्तिमा ५ वर्षको अध्यापन अनुभव सहित कुशल प्रशासकको योग्यता भएको हुने<br>१८४. विद्यालय सुधार सम्बन्धी योजनामा आधारित भएर ५ वर्षे सम्झौता सहित प्रधानाध्यापक नियुक्त गरेको हुने<br>१८५. परिणामको आधारमा थप अर्को एक कार्यकाल प्रधानाध्यापक रहन सक्ने व्यवस्था रहेको हुने<br>१८६. प्रधानाध्यापकले शिक्षण र सिकाई उपलब्धि सुधार सम्बन्धी हरेक वर्ष न्युनतम मापदण्ड र कार्यसम्पादन मूल्यांकनको ढाँचा तथा अपेक्षित नतिजाको परिमाण तोकी शिक्षकहरूसँग करार सम्झौता गरी कार्यन्वयन गरेको हुने<br>१८७. विद्यालय सुशासन र प्रभावकारी व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समिति र गाउँपालिका जवाफदेही हुने प्रणाली स्थापित भएको हुने<br>१८८. प्रत्येक गाउँपालिकामा गाउँपालिका शिक्षा समिति, वडा तहमा वडा शिक्षा समिति, विद्यालय तहमा विद्यालय व्यवस्थापन समिति र अभिभावक संघ तथा आमा समूह गठन र परिचालन भएको हुने<br>१८९. विद्यालयको वेरुजु १% भन्दा कम भएको हुने<br>१९०. विद्यालय सरसफाई तथा सुधार योजना तर्जुमा भई कार्यान्वयन भएको हुने<br>१९१. वार्षिक रुपमा अभिभावक भेला र पृष्ठपोषणको व्यवस्था भएको हुने<br>**प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम**<br>१९२. दक्ष शिक्षक तथा आवश्यक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षालय तथा तालिम केन्द्र स्थापना र सञ्चालन भएको हुने<br>१९३. प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई अवसर उपलब्ध भएको हुने<br>१९४. बहुआयामिक गरिबी, बहुवञ्चितीकरण, आर्थिक सामाजिक रुपमा पछाडि परेका, अपांगता भएका, औपचारिक शिक्षा हासिल गर्नबाट बञ्चित नागरिकका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासको समन्यायिक अवसर प्रदान गर्न विद्यार्थी वित्तीय सहायता प्रणाली लागु भएको हुने<br>१९५. सीपको बदलिदो आवश्यकतालाई परिपूर्ति गर्ने र वृत्ति (पेशा वा व्यवसाय) सँग सम्बन्धित परामर्श (Career counseling) सेवा प्रवाह प्रणाली विकास भएको हुने<br>१९६. शिक्षा, तालिम, सीप र सिकाईको योग्यता निर्धारण गर्ने संयन्त्र र कार्यक्रम विकास भएको हुने<br>१९७. प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासमा औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गर्न तथा सो सम्बन्धी विद्यालय, शिक्षालय, तालिम प्रदायक संघ संस्था र शिक्षार्थीका लागि आर्थिक सहजीकरण गर्न औद्योगिक प्रशिक्षार्थी सहुलियत ऋण उपलब्ध गराउन वित्तीय प्रणाली स्थापित भएको हुने<br>१९८. विद्यमान सीपहरूको अभिलेखीकरण, सीप परीक्षण र प्रमाणीकरणका लागि ऐन, कार्यविधि, प्रक्रिया र संयन्त्र सुरु भएको हुने<br>१९९. औपचारिक र अनौपचारिक तथा जीवन अनुभवबाट सिकेका सीप, ज्ञान र योग्यताको वर्गीकरण र परीक्षण गरी प्रमाणीकरण गर्ने पद्धतिको विकास भएको हुने<br>२००. औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसिप) लाई औद्योगिक प्रतिष्ठान/रोजगारदाता संघ र तालिम प्रदायक संस्थावीचको समन्वय र सहकार्यमा स्वीकृत पाठ्यक्रम अनुसार तालिम सञ्चालन भएको हुने | |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | २०१. गाउँपालिका, औद्योगिक प्रतिष्ठान/रोजगारदाता संघ र तालिम प्रदायक संस्था/प्राविधिक शिक्षालय र प्रशिक्षार्थीहरू वीच सम्झौता गरी तालिम सञ्चालन भएको हुने<br>२०२. एकप्रकारको शैक्षिक धारबाट अर्कोप्रकारको शैक्षिक धारमा जान पाउने कानूनी आधार र मापदण्ड कार्यान्वयन भएको हुने<br>२०३. तालिम सम्बन्धी सेवा प्रदायक संस्थाबाट सेवा खरिद गर्ने व्यवस्था भएको हुने<br>२०४. तालिम केन्द्र तथा शिक्षालयहरूको न्यूनतम मापदण्ड तयार तथा कार्यान्वयन भएको हुने<br>२०५. विभिन्न किसिमका तालिमको सञ्चालन प्रक्रिया तथा निर्देशिका तयार तथा परिचालन र कार्यान्वयन भएको हुने<br>२०६. विविध तालिम र रोजगारसँग सम्बन्धित तथ्यांक संकलन र अद्यावधिक भएको हुने<br>२०७. मानव संसाधन प्रक्षेपण, योजना तथा बजेट तर्जुमा भएको हुने<br>२०८. सरकारी तथा निजी क्षेत्रमा कार्यरत सवैखाले तालिम केन्द्र, शिक्षालय तथा रोजगारदाताको नक्सांकन भई समन्वयात्मक कार्य सम्पादन भएको हुने<br>२०९. श्रम बजारको माग र आपूर्तिको अवस्थाका आधारमा प्राविधिक र व्यवसायिक शिक्षा र तालिम सञ्चालन भएको हुने | |
| १२. **आधारभूत स्वास्थ्य तथा स्वास्थ्य सेवा** | २१०. स्वास्थ्य सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा भई सञ्चालन, अनुमति तथा नियमन भएको हुने<br>२११. स्वास्थ्य विषयको जिम्मेवारी तोकी नेतृत्वदायी भूमिका निर्वाह भएको हुने<br>२१२. गाउँपालिकामा कम्तिमा १५ शैय्याको जनरल अस्पताल स्थापना र सञ्चालन भएको हुने<br>२१३. वडास्तरमा कम्तिमा एकवटा स्वास्थ्य संस्था स्थापना र सञ्चालन भएको हुने<br>२१४. औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन भएको हुने<br>२१५. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन भएको हुने<br>२१६. रक्त सञ्चार सेवा (Blood Bank) सञ्चालन भएको हुने<br>२१७. स्वास्थ्य सेवा सम्बन्धी प्रयोगशाला स्थापना र सञ्चालन भएको हुने<br>२१८. एक्सरे सेवा सञ्चालन र व्यवस्थापन भएको हुने<br>२१९. स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा सञ्चालन भएको हुने<br>२२०. शिशुहरूको बृद्धि अनुगमन (Growth monitoring) को व्यवस्था प्रत्येक टोल वस्तीमा नियमित भएको हुने<br>२२१. गर्भवति महिलाको जाँच, खोप र परामर्श नियमित भएको हुने<br>२२२. वालवालिका तथा जनताका लागि रोग प्रतिरोधात्मक खोप सेवा नियमित भएको हुने<br>२२३. प्रत्येक सामुदायिक स्वास्थ्य इकाई, सहरी क्लिनिक र प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीबाट परिवार नियोजनको अस्थायी साधन र अस्पतालबाट स्थायी बन्ध्याकरणको व्यवस्था भएको हुने<br>२२४. आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रणका लागि कन्टिञ्जेन्सी योजना र कार्यान्वयन भएको हुने<br>२२५. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन योजना तथा कार्यान्वयन भएको हुने<br>२२६. सर्ने, नसर्ने, जुनोटिकर किटजन्य रोगको नियन्त्रण तथा रोकथाम भएको हुने<br>२२७. निशुल्क आधारभूत स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँचका लागि प्याकेज र प्रोटोकल तयार गरी कार्यान्वयन भएको हुने<br>२२८. विशिष्टीकृत अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालन भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ योजना दस्तावेज<br>~ स्वास्थ्य सेवा र सेवाग्राहीको विवरण<br>~ अनुगमन तथा समीक्षा प्रतिवेदन<br>~ प्रगति प्रतिवेदन<br>~ प्रभाव मूल्यांकन प्रतिवेदन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ५२. **विपद् व्यवस्थापन** | ६४१. विपद व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा तथा कार्यान्वयन भएको हुने<br>६४२. विपद व्यवस्थापन सम्बन्धी जिम्मेवारी तोकी कार्यान्वयन भएको हुने<br>६४३. विपद जोखिम न्यूनीकरण र प्रतिकार्य योजना तर्जुमा गरी छुट्टै कोषको स्थापना भई कार्यान्वयन भएको हुने<br>६४४. खुला स्थानको व्यवस्था भूउपयोग योजनामा समावेश भई उपयोग भएको हुने<br>६४५. प्रकोप जोखिम प्रतिरोधि पूर्वाधार निर्माण भएको हुने र आवश्यक औजार र राहत सामग्री व्यवस्था भएको हुने<br>६४६. विद्यालय, अस्पताल, कभर्ड हल, कार्यालय भवन जस्ता सार्वजनिक भवन तथा पूर्वाधार प्रकोप जोखिम प्रतिरोधि भएको हुने<br>६४७. प्रकोप व्यवस्थापन तथा पुनर्निर्माणमा संघ र प्रदेश संग समन्वय गरी सहकार्य भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ कार्ययोजना<br>~ भूउपयोग योजना<br>~ भवन संहिता<br>~ सार्वजनिक भवन प्राविधिक प्रतिवेदन<br>~ नागरिकको अनुभुति |

# संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह




| विषय क्षेत्र | क्र.सं | उप क्षेत्र | सूचक संख्या | कैफियत |
|---|---|---|---|---|
| **संस्थागत विकास, सुशासन तथा सेवा प्रवाहः राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन, नीति तथा कानुन तर्जुमा र परिपालना, सुशासन, संगठन तथा क्षमता विकास, योजना व्यवस्थापन** | ५३ | स्थानीय कर | १३ | |
| | ५४ | सेवा शुल्क | ३ | |
| | ५५ | दस्तुर | ३ | |
| | ५६ | दण्ड जरिवाना | २ | |
| | ५७ | राजश्व बाँडफाँड | ३ | |
| | ५८ | पर्यटन शुल्क | ३ | |
| | ५९ | स्थानीय बजार व्यवस्थापन, | १९ | |

| | | | | |
|---|---|---|---|---|
| | ६० | स्थानीय सेवाको व्यवस्थापन | १५ | |
| | ६१ | संरचना | २ | |
| | ६२ | संगठन | ६ | |
| | ६३ | कार्यालय व्यवस्थापन | ४ | |
| | ६४ | प्रशासन | ७ | |
| | ६५ | प्रविधि उपयोग तथा विद्युतीय शासन (इगभर्नेन्स) | १७ | |
| | ६६ | पदाधिकारी क्षमता विकास | ५ | |
| | ६७ | कर्मचारी क्षमता विकास | ५ | |
| | ६८ | न्यायिक समिति, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | ५ | |
| | ६९ | पञ्जिकरण र तथ्याँकन | ६ | |
| | ७० | सुकुम्वासी व्यवस्थापन | ३ | |
| | ७१ | सवारी साधन अनुमति | ९ | |
| | ७२ | संघ संस्था दर्ता तथा नवीकरण | ७ | |
| | ७३ | गाउँसभा व्यवस्थापन | ३२ | |
| | ७४ | विधायन | ७ | |
| | ७५ | समितिहरुको क्रियाशिलता | ९ | |
| | ७६ | सुशासन | ४ | |
| | ७७ | सहभागिता | २ | |
| | ७८ | पारदर्शिता | ८ | |
| | ७९ | जवाफदेहिता | ८ | |
| | ८० | विकेन्द्रीकरण | ३ | |
| | ८१ | आवधिक योजना, वार्षिक योजना, रणनीतिक, विषयक्षेत्रगत, मध्यकालीन र दीर्घकालीन विकास योजना तर्जुमा र प्राथमिकता | १६ | |
| | ८२ | योजना तयारी तथा कार्यान्वयन | १० | |
| | ८३ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | ५ | |
| | ८४ | बजेट स्वीकृति | ५ | |
| | ८५ | सार्वजनिक खरिद | ५ | |
| | ८६ | कोष व्यवस्थापन | २ | |
| | ८७ | आन्तरिक नियन्त्रण | ३ | |
| | ८८ | लेखा र लेखापरीक्षण | ५ | |
| | ८९ | जिल्ला, प्रदेश र संघसँग समन्वय | ७ | |
| | ९० | लागत साझेदारी तथा संयुक्त व्यवस्थापन | ९ | |
| | ९१ | स्थानीय शान्ति सुरक्षा | ३ | |
| | ९२ | अनुगमन तथा मूल्यांकन | ७ | |
| | | जम्मा | २८७ | ९३४ |

## ५. संस्थागत विकास, सुशासन तथा सेवा प्रवाह

(राजस्व परिचालन तथा वित्तीय व्यवस्थापन, नीति तथा कानुन तर्जुमा र परिपालना, सुशासन, संगठन तथा क्षमता विकास, योजना व्यवस्थापन

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ५३. **स्थानीय कर** | ६४८. राजश्व सम्बन्धी दक्ष जनशक्तिको व्यवस्था भई जिम्मेवारी तोकी कार्यसम्पादन भएको हुने<br>६४९. राजश्व परामर्श समिति गठन भई सक्रिय भएको हुने<br>६५०. राजश्व परामर्श समितिले राजश्वका नीति तथा कानून र कर आधार, तथा राजश्वको दर एवं दायरा विश्लेषण गरी प्राप्त हुन सक्ने राजश्वको अनुमान लगायतका विषयमा आवश्यक परामर्श प्रदान गर्ने जिम्मेवारी निर्वाह गरेको हुने<br>६५१. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको गठन भई निर्धारित समयमा आन्तरिक ऋण तथा आयको प्रक्षेपण, स्रोत र साधनको खाका तय र विषयक्षेत्रगत बजेटको कुल सीमा निर्धारण भएको हुने<br>६५२. स्थानीय राजश्व सुधार कार्ययोजना तर्जुमा भई सोको आधारमा राजश्व प्रक्षेपण गर्ने गरिएको हुने<br>६५३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको गठन भई असार १० गते अगावै बजेट तथा कार्यक्रमको प्रस्ताव तयार गरी कार्यपालिकामा प्रस्तुत गरेको हुने<br>६५४. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर सम्बन्धी कानून तर्जुमा भएको हुने<br>६५५. गाउँपालिकालाई प्राप्त राजश्व अधिकार वमोजिम स्थानीय राजश्व सम्भाव्यताको ८०% राजश्व संकलन/परिचालन भएको हुने<br>६५६. राजश्व प्रक्षेपण अनुरुप कम्तिमा ८०% राजश्व संकलन भएको हुने<br>६५७. राजश्व तथा कर प्रणाली सहभागितामूलक र पारदर्शी भएको हुने<br>६५८. कर राजश्व र सेवाको आवद्धता भई राजश्व संकलन बृद्धि अनुरुप सेवा प्रवाहमा बृद्धि भएको हुने<br>६५९. कर राजश्व संकलन र बाँडफाँड कानून वमोजिम भएको हुने<br>६६०. कर प्रणालीमा प्रविधि र विद्युतीय माध्यम प्रयोगबाट राजश्व वृद्धि भई सेवा प्रवाह सरलीकरण र प्रभावकारी भएको हुने | ~ नीति तथा कानून<br>~ राजश्व सुधार कार्ययोजना<br>~ संगठन संरचना र नतिजा<br>~ राजश्व संकलन प्रातिवेदन<br>~ गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन<br>~ खुला गाउँपालिका सरकार र वेभसाइट<br>~ बैठकको उपस्थिती, निर्णय र सहजीकरण विवरण<br>~ नागरिक सन्तुष्टि र सेवा प्राप्ति मापन<br>~ समितिका प्रतिवेदन<br>~ कार्यविधि, पूर्वाधार र शीघ्र सेवा अनुभूति |
| ५४. **सेवा शुल्क** | ६६१. सेवा र सेवा शुल्क वीच सन्तुलन तथा स्थानीय सेवामा वृद्धि भएको हुने<br>६६२. सेवा शुल्क १००% भन्दा बढी असुली भएको हुने<br>६६३. आधारभूत सेवाहरू तिर्न नसक्ने भनी पहिचान भएका विपन्न परिवारलाई निशुल्क सेवा उपलब्ध गराइएको | ~ गाउँ सभाको दस्तावेज<br>~ सेवाग्राहीको अनुभव<br>~ सेवा शुल्क संकलन विवरण<br>~ वार्षिक प्रतिवेदन |
| ५५. **दस्तुर** | ६६४. कानून वमोजिम न्यायोचित र तिर्न सक्ने क्षमता अनुसार दस्तुर निर्धारण भएको<br>६६५. प्रक्षेपित दस्तुरमा कम्तिमा ८०% संकलन भएको<br>६६६. दस्तुर र सेवा आवद्ध भई शीघ्र सेवा पाई जनसन्तुष्टि बढेको | ~ निर्णय पुस्तिका<br>~ राजश्व संकलन प्रतिवेदन<br>~ सेवा प्रवाहको अभिलेख |
| ५६. **दण्ड जरिवाना** | ६६७. कानून वमोजिम न्यूनतम दण्ड जरिवाना लगाएको र असुली भएको हुने<br>६६८. अभिलेख अद्यावधिक भएको हुने | ~ गाउँपालिकाको कानून र असुली विवरण<br>~ अभिलेख |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ५७. **राजश्व बाँडफाँड** | ६६९. प्राकृतिक स्रोतको उपयोग प्रभावित समुदाय केन्द्रित, दिगो र वातावरणमैत्री भएको हुने<br>६७०. राजश्व बाँडफाँड कानून र मापदण्ड वमोजिम भएको हुने<br>६७१. कानुन बमोजिम संघ र प्रदेशमा जम्मा गर्नुपर्ने राजश्व बाँडफाँडको रकम जम्मा गरेको हुने | ~ बाँडफाँड र खर्च प्रतिवेदन<br>~ स्रोत उपयोग प्रतिवेदन |
| ५८. **पर्यटन शुल्क** | ६७२. पर्यटन शुल्क कानून तर्जुमा भई सो वमोजिम असुल भएको हुने<br>६७३. पर्यटन शुल्कको उपयोग पर्यटक प्रवर्द्धनमा भएको हुने<br>६७४. संघ र प्रदेशसँगको बाँडफाँड कानून, मापदण्ड र कार्यविधि वमोजिम भएको हुने | ~ सभाको स्वीकृतको निर्णय<br>~ राजश्व असुली विवरण<br>~ योजना र समीक्षा विवरण<br>~ प्रगति प्रतिवेदन |
| ५९. **स्थानीय बजार व्यवस्थापन** | ६७५. स्थानीय बजार व्यवस्थापन सम्बन्धी जिम्मेवारी किटान भई कार्यान्वयन भएको हुने<br>६७६. उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति तर्जुमा र स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन सम्बन्धी कानून र मापदण्ड तर्जुमा भई कार्यन्वयन भएको हुने<br>६७७. बजार तथा हाटबजार व्यवस्थापन तथा पूर्वाधार विकास भएको हुने<br>६७८. वस्तुको गुणस्तर सम्बन्धी मापदण्ड तयार गरी लागु गरेको हुने<br>६७९. स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति व्यवस्थापन तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण सम्बन्धी योजना तर्जुमा भई कार्यान्वयन एवं अनुगमन र नियमित नियमन भएको हुने<br>६८०. स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन कानून वमोजिम नियमित भएको हुने<br>६८१. स्थानीय व्यापारको अध्ययन, अनुसन्धान, तथ्यांक प्रणाली नियमित र अद्यावधिक भएको हुने<br>६८२. प्रत्येक औद्योगिक उत्पादनमा लेवल नटाँसेको वस्तु विक्री गर्न नदिएको हुने<br>६८३. गुणस्तर नियन्त्रण, उत्पादन बृद्धि तथा व्यापार प्रवर्द्धन गर्न निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य भएको हुने<br>६८४. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखांकन भएको हुने<br>६८५. वस्तु तथा सेवाको गुणस्तर, मूल्य, माग र उपलब्धताका विषयमा उपभोक्ता सचेतना अभिबृद्धि कार्यक्रम नियमित सञ्चालन भएको हुने<br>६८६. नियमित खाद्य तथा उपभोग्य वस्तु आपूर्तिका लागि उपभोक्ता लक्षित लगत व्यवस्थापन र अद्यावधिक भएको हुने<br>६८७. वस्तु तथा सेवाको गुणस्तर प्रयोगशालामा राखी नियमित परीक्षण भएको हुने<br>६८८. उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु तथा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत सुपरीवेक्षण तथा अनुगमन गर्नका लागि उपभोक्ता समेतको प्रतिनिधित्व हुनेगरी स्थानीय बजार अनुगमन समिति गठन गरेको भई प्रभावकारी रुपमा सुपरीवेक्षण तथा अनुगमन भएको हुने<br>६८९. स्थानीय बजार अनुगमन समितिले सम्बन्धित क्षेत्रको विज्ञ समेत समावेश भएको बजार अनुगमन टोली गठन गरी सोमार्फत नियमित बजार अनुगमन गराएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ पालिकाको पार्श्वचित्र<br>~ व्यवसाय दर्ता र नविकरण अभिलेख<br>~ योजना, अनुगमन र समीक्षा दस्तावेज<br>~ प्रगति प्रतिवेदन<br>~ तथ्यांक र अभिलेख<br>~ नागरिक सन्तुष्टि मापन, सर्भेक्षण प्रतिवेदन<br>~ गुनासो प्राप्ति र सम्वोधनको विवरण |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | ६९०. अनुगमन समितिले देहाय अनुसारको काम, कर्तव्य र अधिकार प्रयोग गरेको हुने<br>o स्थानीय तहमा सञ्चालित कम्पनी वा फर्मको दर्ता, नवीकरण भएको छ, छैन<br>o स्थानीय तहबाट व्यवसाय सञ्चालनका लागि स्वीकृति लिएको छ, छैन<br>o आपूर्ति व्यवस्था आवश्यक मात्रामा छ, छैन<br>o एउटै वस्तुको व्यवसाय तीनभन्दा बढी फर्मबाट भएको छ, छैन<br>o उचित रुपमा मूल्य निर्धारण भएको छ, छैन<br>o म्याद गुज्रेको, सडेगलेको, लेवल नटाँसेको, कम गुणस्तरको उपभोग्य वस्तु बिक्री गरेको छ, छैन<br>o सरकारी र गैरसकारी क्षेत्रबाट प्रदान गर्ने सेवाहरू गुणस्तरीय भएको छ, छैन<br>o थोक वा खुद्रा व्यवसायलाई व्यवस्थित गर्न र मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था भएको छ, छैन<br>o वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन सम्बन्धित निकायसँग समन्वय गरेको छ, छैन<br>o अभाव र कालो बजारी गर्ने व्यापारिक क्रियाकलापलाई नियन्त्रण गरेको छ, छैन<br>६९१. अति आवश्यक वस्तुको उत्पादन वा वितरण नियन्त्रण गर्ने अधिकार देहाय अनुसार प्रयोग गरेको हुने<br>o कुनै आवश्यक वस्तुको सञ्चय, वितरण, परिवहन, उत्पादनका लागि अनुमति पत्र, नियमित वा नियन्त्रण गरेको हुने<br>o आवश्यक पदार्थको विक्री गर्ने वा खरिद गर्ने मोल निर्धारण भएको हुने<br>o बिक्री गर्दिन भन्नेलाई बिक्री गराउन सक्ने भएको<br>o आवश्यक पदार्थ सञ्चयगर्ने, वितरण गर्ने वा व्यापार गर्ने व्यक्तिलाई रेकर्ड र बहीखाता राख्न र जाँच पड्ताल गरी विवरण दाखिल गराउने कार्य भएको हुने<br>o अनुमति उल्लंघन भएमा धरौटी जफत भएको हुने<br>o गोदाम, गाडी, वायुयानभित्र प्रवेश गरी खानतलासी लिने र आदेश उल्लंघन भएको देखिएमा सो वस्तु जफत गर्न सक्ने व्यवस्था भएको हुने<br>o बिक्रि वितरण एवं उपयोग र फिर्ता नहुने जफत गरिएको पदार्थको सुरक्षित तवरले विसर्जन भएको हुने<br>६९२. तत्काल गर्न सक्ने जरिवाना सम्बन्धी व्यवस्था भएको हुने<br>o बस्तुको उत्पादन, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, बिक्रेता वा सेवाप्रदायकले देहायको कसुरमा देहाय वमोजिम तत्काल जरिवाना गर्न सक्ने व्यवस्था कार्यान्वयन भएको हुने<br>o विल विजक नराखेमा ५ देखि २० हजारसम्म<br>o गुणस्तर, परिमाण, मूल्य, नापतौल, कृत्रिम अभाव, विलविजक दिन इन्कार, म्याद गुज्रेको सामान, लेवल लगाउने आदि कार्यमा गल्ती गरे गराएमा २ देखि ३ लाखसम्म<br>o कुनै वस्तु संचित गरी वा कृत्रिम अभाव खडा गरेमा ५० हजार देखि १ लाखसम्म<br>o उत्पादकले कारखाना मूल्य, बिक्रेताले थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले सेवाको मूल्य उल्लेख गरी मूल्य सूची नराखेमा ५० हजार देखि १ लाखसम्म<br>६९३. जाँचबुझ गर्दा सहयोग नगर्नेलाई २० हजारसम्म | |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ६०. **स्थानीय सेवाको व्यवस्थापन** | ६९४. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन भएको हुने<br>६९५. स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य सम्बन्धित ऐन, कानून वमोजिम सेवा प्रवाह भएको हुने<br>६९६. सेवाको पहुँचमा बृद्धि तथा गुणस्तरीय सेवा प्राप्तिको सुनिश्चितता भएको हुने<br>६९७. नागरिक बडापत्र तयार भई क्षतिपूर्तिको व्यवस्था समेत कार्यान्वयन भएको हुने<br>६९८. नागरिक वडापत्र बारे सवै नागरिकमा जानकार भएका हुने<br>६९९. सेवा शुल्क तिर्न नसक्ने सेवाग्राहीलाई आधारभूत सेवा निशुल्क उपलब्ध गराएको हुने<br>७००. सम्भाव्यता र औचित्यका आधारमा सार्वजनिक निजी साझेदारीमा सेवा व्यवस्थापन गरेको हुने<br>७०१. गैरसरकारी संस्थाबाट प्रवाह हुने सेवा गाउँपालिकाको योजनासँग समन्वय भई कार्यान्वयन भएको हुने<br>७०२. संघ र प्रदेश तहले दिने सेवाहरूको व्यवस्थापन र प्रवाहमा समन्वय र सहकार्य भएको हुने<br>७०३. गाउँपालिकाले प्रवाह गर्ने सेवा नागरिक सन्तुष्टि मापनका आधारमा सेवाप्रदायकको मूल्यांकन गर्ने प्रणाली लागू भएको हुने<br>७०४. जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास योजना तर्जुमा गरी कार्यन्वयन गरेको हुने<br>७०५. स्वीकृत संगठन संरचना अनुसार दरवन्दी निर्धारण, मिलान र दक्ष जनशक्ति व्यवस्थापन गरेको हुने<br>७०६. जनशक्तिलाई नियमित क्षमता र दक्षता अभिवृद्धि गर्ने गरेको हुने<br>७०७. जनशक्ति व्यवस्थापन योजना अनुसार आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि पारदर्शी विधिको अवलम्बन गरी लगानी गरेको हुने<br>७०८. कार्यसम्पादन मूल्यांकनका आधारमा दण्ड र पुरस्कारको व्यवस्था कार्यान्वयन भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ वार्षिक प्रतिवेदन<br>~ वेभसाइट<br>~ नागरिक सन्तुष्टि मापन प्रतिवेदन<br>~ समीक्षा प्रतिवेदन<br>~ उपलब्ध गराएको सेवाको वार्षिक विवरण<br>~ कार्यविधि, प्रतिवेदन र समझदारी पत्रहरू<br>~ जनशक्ति व्यवस्थापन योजना<br>~ क्षमता विकास योजना |
| ६१. **संरचना** | ७०९. गाउँपालिकाको संगठन संरचना छरितो र आवश्यकता अनुरुपको जनशक्ति व्यवस्था भएको हुने<br>७१०. संरचना सेवा र विकासमैत्री एवं कार्यसम्पादन सहजयुक्त भएको हुने | ~ संगठन संरचना<br>~ कर्मचारी विवरण<br>~ कार्य सरलीकरण र Layout<br>~ कार्यसञ्चालन विधि |
| ६२. **संगठन** | ७११. गाउँपालिकाले आफ्नो कार्यवोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्ठताका आधारमा वडालाई समेत दृष्टिगत गरी संगठन संरचना तयार गरेको हुने<br>७१२. गाउँपालिकाको संगठन र संरचना चुस्त दुरुस्त र छरितो संगठन भएको हुने<br>७१३. संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी, स्रोत समेतलाई मध्यनजर गरेर स्थायी प्रकृति र सेवा करारमा गर्न सकिने कामको दरवन्दी व्यवस्था र कार्यान्वयन भएको हुने<br>७१४. गाउँपालिकालाई चाहिने सीपयुक्त जनशक्तिको व्यवस्था भएको हुने<br>७१५. सक्षम र अनुभवी जनशक्ति टिकाइ राखेको (retention) भएको हुने<br>७१६. संगठनमा कार्यवातावरण सहज र प्रतिस्पर्धी भई कर्मचारी आकर्षित भएको हुने | ~ संगठन विकास र जनशक्ति व्यवस्थापन विवरण<br>~ कर्मचारी विवरण, कार्य सम्पादन र प्रगति प्रतिवेदन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ६३. **कार्यालय व्यवस्थापन** | ७१७. गाउँपालिका तथा वडा कार्यालयहरू आफ्नै भवनमा सञ्चालनमा रहेको हुने<br>७१८. कार्यालयमा आवश्यक औजार, उपकरण, फर्निचर, शौचालय, चमेनागृह, प्रतिक्षालय, बैठक कक्ष, सञ्चार सुविधा, विद्युत सुविधा लगायतका भौतिक सुविधा सम्पन्न भएको हुने<br>७१९. कार्यालय भवन अपांग, जेष्ठ नागरिक, वालवालिका, लैंगिकमैत्री भएको हुने<br>७२०. कार्यालय परिसर स्वच्छ, सफा, सुन्दर भएको हुने | ~ वेभसाईट तथा प्रकाशन<br>~ स्थलगत अवलोकन |
| ६४. **प्रशासन** | ७२१. गाउँपालिकाको प्रशासन छिटो, छरितो र नतिजामूलक भएको हुने<br>७२२. निर्णयमा द्रुतता र कार्यविधि सरल भएको हुने<br>७२३. सवै कर्मचारीको कार्यविवरण तयार भई सो वमोजिम कार्यसम्पादन र मूल्यांकन भएको हुने<br>७२४. अधिकार प्रत्यायोजन र प्रयोग भई प्रशासन सुदृढ भएको हुने<br>७२५. संगठनमा समन्वय, सहकार्य र सहअस्तित्वलाई अवलम्बन गरिएको हुने<br>७२६. तहगत रुपमा पदाधिकारी र कर्मचारीका वीचमा कार्यसम्पादन करार भई मूल्यांकन भएको हुने<br>७२७. दण्डहिनताको अन्त्य भई दण्ड र पुरस्कारको व्यवस्था लागू भएको हुने | ~ प्रगति विवरण<br>~ निर्णय प्रक्रियामा मार्गदर्शन र कार्यविधि<br>~ शाखागत कार्यसम्पादन वार्षिक विवरण<br>~ गुनासो न्यून भएको/ जनसन्तुष्टि मापन प्रतिवेदन |
| ६५. **प्रविधि उपयोग तथा विद्युतीय शासन** (**इगभर्नेन्स**) | ७२८. स्थानीय सेवालाई छिटो, छरितो, स्फूर्त, व्यवस्थित, चुस्त, मितव्ययी र प्रभावकारी बनाउन प्रविधिको उपयोग तथा विद्युतीय शासन सम्बन्धी नीति, कानून, मापदण्ड बनाई कार्यान्वयन र नियमन भएका<br>७२९. सूचना प्रविधि तथा विद्युतीय शासन सम्बन्धी जिम्मेवारी तोकी कार्यान्वयन भएको हुने<br>७३०. गाउँपालिकामा सेवा प्रवाह र विकास निर्माणमा उपयुक्त प्रविधि अवलम्बन भई समयको बचत, लागत न्यून र दक्षता अभिवृद्धि भएको हुने<br>७३१. गाउँपालिकामा विद्युतीय शासन लागु भई प्रविधि अद्यावधिक भएको हुने<br>७३२. प्रविधि प्रयोगबाट नागरिक लाभान्वित भएको हुने<br>७३३. संगठनमा प्रविधिको प्रयोगबाट कर्मचारी सन्तुष्ट र खुशी भएको हुने<br>७३४. सेवाग्राही, कर्मचारी र पदाधिकारी प्रविधिमैत्री भएको हुने<br>७३५. सूचना तथा तथ्यांक उपयोगको आचारसंहित बनाई लागू भएको हुने<br>७३६. गाउँपालिकाको वेभसाईट अद्यावधिक हुने व्यवस्था गरेको हुने<br>७३७. अनलाइनमार्फत निवेदन दिने, गुनासो गर्ने, सेवा सम्बन्धी जानकारी दिने प्रणाली सञ्चालनमा रहेको हुने<br>७३८. विद्युतीय लेखाप्रणाली सञ्चालनमा रहेको हुने<br>७३९. एपमार्फत सार्वजनिक सूचना उपलब्ध हुने व्यवस्था भएको हुने<br>७४०. वास्तविक समय (Real time) सूचना उपलब्ध हुने गरी डिजिटल वस्तुस्थिती विवरण तयार गरेको हुने<br>७४१. निर्णय प्रक्रियामा विद्युतीय सूचनालाई उपयोग गर्ने गरेको हुने<br>७४२. सेवा क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी काममा सरलता र सहजता गरेको (जस्तै विजुलीको विल तिर्ने, कर तथा राजश्व भुक्तानी गर्ने, बजार मूल्य अनुगमन गर्ने, स्थानीय मौसम पूर्वानुमान वारे सूचना दिने आदि) हुने<br>७४३. विद्युतीय शासनमार्फत गाउँपालिकाले खुला गाउँपालिका सरकारको नीति लिई सूचना/तथ्यांकमा सहज पहुँच भएको हुने<br>७४४. विद्युतीय शासनका माध्यमद्धारा सेवा प्रवाहमा गुणस्तर र द्रुतता, लगानी प्रवर्द्धन र जनमैत्री शासन प्रणाली संस्थागत भएको हुने | ~ प्रविधि प्रयोग प्रतिवेदन<br>~ प्रविधि प्रयोगको स्थिती<br>~ जनसन्तुष्टि सर्भे प्रतिवेदन<br>~ गाउँपालिकाको अभिलेख<br>~ विभिन्न औजार, उपकरण तथा सफ्टवेयर कार्यक्रमहरू<br>~ कार्यविधि<br>~ खुला गाउँपालिका प्रतिवेदन<br>~ कार्यसम्पादन र लगानी प्रवर्द्धन प्रतिवेदन<br>~ अनुगमन तथा मूल्यांकन प्रतिवेदन<br>~ निर्णय र कार्यन्वयन तथा सेवाको स्थिती |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ६६. **पदाधिकारी क्षमता विकास** | ७४५. पदाधिकारीहरूलाई स्थानीय शासन र संघीयताको वारेमा आधारभूत जानकारी भएको हुने<br>७४६. पदाधिकारीहरूले गाउँपालिकाको र आफ्नो काम, कर्तव्य र अधिकार तथा योजना तर्जुमा एवं कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमुखीकरण/प्रशिक्षण प्राप्त गरेको हुने<br>७४७. वडा समितिहरूले वडा विकास योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमुखीकरण/प्रशिक्षण प्राप्त गरेको हुने<br>७४८. उपाध्यक्षले मेलमिलाप तथा विवाद समाधान सम्बन्धी प्रशिक्षण प्राप्त गरेको हुने<br>७४९. जनप्रतिनिधिहरूमा सृजनशिल र प्रवर्तनात्मक क्षमता विकास भएको हुने | ~ क्षमता विकास योजना<br>~ अभिमुखीकरण, तालिम प्रतिवेदन<br>~ प्रगति प्रतिवेदन<br>~ निर्णय तथा विधायनको गुणस्तर |
| ६७. **कर्मचारी क्षमता विकास** | ७५०. कर्मचारीहरूको कार्यविवरण अनुसार काम गर्न आवश्यक पर्ने क्षमता भएको हुने<br>७५१. कर्मचारीहरूमा स्थानीय शासन र संघीयताको वारेमा आधारभूत जानकारी भएको हुने<br>७५२. कर्मचारीहरूले कार्यजिम्मेवारीसँग सम्बन्धित अभिमुखीकरण/तालिम/प्रशिक्षण प्राप्त गरेको हुने<br>७५३. अभिमुखीकरण/तालिमको अभिलेख र कार्यसम्पादनमा परेको प्रभाव मूल्यांकनका आधारमा मात्र थप तथा पुनर्ताजगी अभिमुखीकरण/तालिमको अवसर प्रदान गरेको हुने<br>७५४. कर्मचारीहरूमा सृजनशिल र प्रवर्तनात्मक क्षमता विकास भएको हुन | ~ क्षमता विकास योजना<br>~ अभिमुखीकरण, तालिम प्रतिवेदन<br>~ प्रगति प्रतिवेदन<br>~ कार्यसम्पादन र नतिजा मापन |
| ६८. **न्यायिक समिति, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन** | ७५५. न्यायिक समितिबाट ऐनले निर्धारण गरेका विषयमा पर्न आएका उजुरीउपर निष्पक्ष रुपमा मेलमिलाप तथा विवाद निरुपण गर्ने कार्य भएको हुने<br>७५६. न्यायिक समितिमा पर्न आएका उजुरी ऐनले निर्धारण गरेको विधि अनुरुप र अवधिभित्र टुंगिएको हुने<br>७५७. मेलमिलाप समितिको गठन, तालिमप्राप्त मेलमिलापकर्ताहरूको सूचीकरण एवं वडाहरूमा मेलमिलाप केन्द्रको स्थापना र व्यवस्थापन भएको हुने<br>७५८. मेलमिलापका लागि आएका विवाद/मुद्दाहरू टुंगिएको र सहमति भए बमोजिम कार्यान्वयन अनुगमन गर्ने व्यवस्था भएको हुने<br>७५९. न्यायिक निर्णयद्धारा विवाद निरुपण सम्बन्धी अभिलेखन संस्थागत भएको हुने | ~ वार्षिक प्रतिवेदन<br>~ निर्णय तथा अभिलेख<br>~ पारिवारीक शान्ति र सामाजिक सामाञ्जयेता |
| ६९. **पञ्जिकरण र तथ्याँकन** | ७६०. व्यक्तिगत घटनाको स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन भएको हुने<br>७६१. पञ्जीकरण व्यवस्थापनको जिम्मेवारी किटान भई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन अद्यावधिक भएको हुने<br>७६२. ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गर्नेलाई प्रोत्साहन हुने प्रणाली विकास गरी लागू भएको हुने<br>७६३. सार्वजनिक चेतना र अभियान सञ्चालन भई व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, वसाइ सराई, सम्बन्ध विच्छेद) र धर्मपुत्र पुत्री को दर्ता ३५ दिनभित्र १०० प्रतिशत सम्पन्न भएको हुने<br>७६४. व्यक्तिगत घटना विवरण प्रविधियुक्त भएको हुने<br>७६५. सामाजिक सुरक्षाको तथ्यांक र व्यक्तिगत घटनाको तथ्यांक वीच तालमेल भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ प्रतिवेदन<br>~ सफ्टवेयर<br>~ योजना दस्तावेज<br>~ अद्यावधिक तथ्यांक विवरण |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ७०. **सुकुम्वासी व्यवस्थापन** | ७६६. गाउँपालिका अन्तर्गतका सुकुम्बासी पहिचान गरी अभिलेख व्यवस्थापन भएको हुने<br>७६७. सुकुम्वासी परिवारलाई जीविकोपार्जनको व्यवस्थापन संघ र प्रदेश संग समन्वयन गरेको हुने<br>७६८. गाउँपालिकाले सुकुम्वासीलाई वसोवासको व्यवस्थापनका लागि संघ र प्रदेशमा समन्वय गरेको हुने | ~ संघ र प्रदेशसँग समन्वयमा कार्यान्वयन योजना<br>~ संस्थागत व्यवस्था र अभ्यास<br>~ गाउँपालिकाको प्रतिवेदन |
| ७१. **सवारी साधन अनुमति** | ७६९. यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा भई कार्यान्वयन र नियमन भएको हुने<br>७७०. सवारी साधन अनुमति तथा नियमन सम्बन्धी जिम्मेवारी तोकी कार्य भएको हुने<br>७७१. सडकको भारवहन क्षमताको आँकलन भएको हुने<br>७७२. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन भएको हुने<br>७७३. बसको सिटको एक अर्कोको दूरी बस्नयोग्य भएको मापदण्ड बनाई रुटपर्मिट दिएको हुने<br>७७४. बसभित्र बस्ने अधिकतम संख्या निर्धारण भएको हुने<br>७७५. सार्वजनिक सवारी साधन वातावरणमैत्री तथा जोखिम न्यूनिकरण हुने<br>७७६. सार्वजनिक सवारी साधनमा जेष्ठ नागरिक, अपांगता भएका र लैंगिकमैत्री ढंगले सीट सुरक्षण व्यवस्थापन भएको हुने<br>७७७. सार्वजनिक सवारी साधन सञ्चालन गर्दा टाइम कार्ड वितरण भई सुरक्षित यातायात प्रणालीको विकास भएको हुने | ~ नीति, कानून र मापदण्ड<br>~ दर्ता र नविकरण प्रतिवेदन<br>~ कार्यविधि<br>~ प्राविधिक प्रतिवेदन<br>~ अनुगमन प्रतिवेदन |
| ७२. **संघ संस्था दर्ता तथा नवीकरण** | ७७८. संघ संस्था दर्ता, नवीकरण तथा खारेजी सम्बन्धी जिम्मेवारी तोकी समन्वय, परिचालन एवं नियमन समेत भएको हुने<br>७७९. कानून वमोजिम संघ संस्था दर्ता तथा नवीकरण शीघ्र भएको हुने<br>७८०. संघ संस्थाको अभिलेख अद्यावधिक गरेको हुने<br>७८१. नवीकरण र अद्यावधिक भई संघ संस्था क्रियाशिल रुपमा परिचालन भएको हुने<br>७८२. नेपाल सरकारको पूर्वस्वीकृतिमा सञ्चालित अन्तराष्ट्रिय गैसससँग समन्वय भएको हुने<br>७८३. संघ संस्थाको अनुगमन तथा नियमन भएको हुने<br>७८४. संघ संस्थाहरूसँग संयुक्त प्रतिवेदन प्रणाली स्थापना र कार्यान्वयन भएको हुने | ~ कार्यविधि<br>~ संयुक्त प्रतिवेदन<br>~ अनुगमन प्रतिवेदन<br>~ संघ संस्थाको उपस्थिती |
| ७३. **गाउँसभा व्यवस्थापन** | ७८५. सभा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून तर्जुमा भई कार्यान्वयन भएको हुने<br>७८६. सभा व्यवस्थापनको लागि सचिवालयको व्यवस्थापन भई क्रियाशिल भएको हुने<br>७८७. वर्षमा दुई पटक सभाको अधिवेशन अध्यक्षद्धारा आह्वान भएको हुने<br>७८८. अध्यक्षको निर्देशन अनुसार सचिवले कार्यसूची र समय तालिका सामान्यतया ४८ घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराएको हुने<br>७८९. अधिवेशन आह्वान गर्दा एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भको वीचको अवधि छ महिनाभन्दा बढी (वा सम्बन्धित प्रदेशको कानून वमोजिम वाभिन नहुने) नहुने<br>७९०. अध्यक्षले कार्यसूची वमोजिम सभाको बैठक सञ्चालन र अन्त्य गरेको हुने<br>७९१. बैठक स्थगित रहेको अवस्थामा सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले लिखित माग गरेमा अध्यक्षले बैठक बोलाएको हुने<br>७९२. गाउँसभा कार्यपालिकाको केन्द्र रहेको स्थानमा तोकेको हुने | ~ गाउँ सभासम्बन्धी विवरण<br>~ गाउँ सभाको निर्णय तथा स्वीकृत ऐन कानूनहरू<br>~ गाउँ सभा सञ्चालन कार्यविधि<br>~ निर्णय पुस्तिका<br>~ सूचना अभिलेख<br>~ स्वीकृत कानून संघ र प्रदेशमा प्रस्तुत गरेको अभिलेख |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | ७९३. अपांगता भएका सदस्यको हकमा आवश्यकता परेमा सहयोगीको समेत व्यवस्था भएको हुने<br>७९४. सभाको गणपुरक संख्या तत्काल कायम रहेका सदस्यहरूको ५० प्रतिशतभन्दा बढी भएको हुने<br>७९५. यदि पहिलो बैठकमा गणपुरक संख्या नपुगेमा कानूनले निर्धारित गरेको अवधिभित्र अर्को बैठक बोलाउँदाको अवस्थामा भने गणपुरक संख्या कम्तिमा २५ प्रतिशत भएको हुने<br>७९६. सभाको बैठक अध्यक्षले निर्धारण गरेको तालिका वमोजिम भएको हुने<br>७९७. अध्यक्षले प्रत्येक बैठकको प्रारम्भ र स्थगन घोषणा गरेको हुने<br>७९८. अध्यक्ष उपस्थित हुन नसक्ने अवस्थामा उपाध्यक्षले बैठकको अध्यक्षता गरेको हुने<br>७९९. अध्यक्षले बैठकमा पेश हुने विषयमाथि छलफल गर्न समयावधि तोकेको हुने<br>८००. छलफलमा सवै सदस्यलाई भागलिन मौका दिइएको हुने<br>८०१. सवै विधेयक वा प्रस्तावको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुने<br>८०२. सभाको बैठक कक्षमा अध्यक्षको आगमन भई राष्ट्रिय धुन बजेपछि सभा प्रारम्भ भएको हुने<br>८०३. अध्यक्ष बैठक कक्षमा प्रवेश गर्दा सवैले सम्मान प्रकट गर्न सवै उठ्ने व्यवस्था भएको हुने<br>८०४. अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गरेको हुने<br>८०५. बैठक स्थगित भई अध्यक्ष सभाकक्ष बाहिर निस्केपछि मात्र सदस्यहरूले बैठक कक्ष छाड्नुपर्ने<br>८०६. बैठकमा भागलिन सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोलेको हुने<br>८०७. वैठकमा छलफलमा भाग लिने सदस्यले अध्यक्षको ध्यानाकर्षण गराउन उठ्नुपर्ने र अध्यक्षको अनुमतिमा मात्र बोल्ने कार्य भएको हुने<br>८०८. प्रस्तावमाथि छलफल समाप्त भएपछि प्रस्तावको पक्षमा हुन्छ, विपक्षमा हुन्न र तटस्थ रहन चाहनेलाई मत दिन्न भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले कार्यसूचीको विषय निर्णयार्थ पेश गरेको हुने<br>८०९. अध्यक्षले बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई व्यवहार नियन्त्रण गर्न सचेत गराउन, सभाबाट निस्कासन गर्न, क्षति पुर्‍याएमा क्षतिपूर्ति भराउन सक्ने व्यवस्था भएको हुने<br>८१०. कारवाही परेको सदस्यले माफी मागेमा र अध्यक्षलाई चित्त बुझ्दो जवाफ दिएमा कारवाही फिर्ता भएको हुन सक्ने<br>८११. बैठकमा अव्यवस्था भएमा अध्यक्षले निश्चित अवधिका लागि बैठक स्थगित गर्न सक्ने<br>८१२. सभाको निर्णयको सक्कल अध्यक्षको आदेश विना सभा भवन वाहिर लान नहुने<br>८१३. निर्धारित समयमै गाउँसभा सम्पन्न भएको हुने<br>८१४. कार्यपालिका तथा सभाका समितिका प्रतिवेदनमा छलफल भई सुधार भएको हुने<br>८१५. सभाको निर्णय पुस्तिका सुरक्षित र सहज उपलब्ध हुने गरी राखिएको हुने<br>८१६. समयमै नीति, कार्यक्रम तथा बजेट पारित भएको हुने | ~ कानून निर्माणका चरणहरू पालनाको अभिलेख<br>~ बजेट विवरण<br>~ गैर विधायिकी कार्यहरूको अभ्यास र समीक्षा |
| ७४. **विधायन** | ८१७. सभाको विधायन समिति गठन भई सक्रिय, सक्षम र जवाफदेही भएको हुने<br>८१८. एकल अधिकार र साझा अधिकारको सीमामा रही गाउँपालिकाका कानून तर्जुमा भई कार्यान्वयन भएको हुने<br>८१९. गाउँपालिकाको कानूनमा देहाय अनुसारको व्यवस्था गरेको हुने | ~ समितिको प्रतिवेदन<br>~ तर्जुमा भएको कानून<br>~ सुशासन र सुधार सम्बन्धी विवरण |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | o सरकारी र गैरसरकारी विधेयक प्रस्तुत गर्न सक्ने भएको हुने<br>o सरकारी विधेयक कार्यपालिकाद्धारा र गैरसरकारी विधेयक सभाका सदस्यद्धारा प्रस्तुत गर्ने व्यवस्था भएको हुने<br>o विधायिकाले सारभूत कानून र कार्यविधिगत कानून पारित गर्न सक्ने व्यवस्था भएको हुने<br>८२०. सभाका सदस्यहरूले जनसरोकार र सार्वजनिक महत्वका विषयमा देहाय अनुसार गैरविधायिकी कार्य गर्ने<br>o शून्य समय निर्धारण गर्ने र सदस्यहरूलाई बोल्ने अवसर प्रदान गरेको हुने<br>o विशेष समय निर्धारण गर्ने र सदस्यहरूलाई बोल्ने अवसर प्रदान गरेको हुने<br>o ध्यानाकर्षण प्रस्ताव पेश गर्ने अवसर प्रदान गरेको हुने<br>o प्रश्नोत्तर कार्यक्रम सञ्चालन गरी सदस्यहरूलाई प्रश्न गर्ने अवसर प्रदान गरेको हुने<br>o खास कुनै महत्वपूर्ण र सकारात्मक परिवर्तनका लागि संकल्प प्रस्ताव राखी सदस्यहरूवीच छलफल र पारित गर्ने अवसर प्रदान गर्ने<br>८२१. विधायन प्रक्रियामा देहाय अनुसार चरण पूरा गरेको हुने<br>o प्रथम वाचन : विधेयक दर्ता एवं वितरण र सभामा प्रस्तुतिको चरण<br>o द्वितीय वाचन : सभामा विधेयकको सैद्धान्तिक छलफल, संशोधन प्रस्तुति, विधायन समिति वा सभामा विधेयक संशोधन सहित दफावार छलफल, सभामा संशोधन प्रस्ताव प्रस्तुत<br>o तृतीय वाचन : अन्तिम रुपमा विधेयक सभाबाट पारित गर्दाको चरण<br>८२२. कानून मस्यौदाको चरणदेहाय वमोजिम भएको हुने<br>o सम्बन्धित विषयगत शाखाबाट नयाँ कानूनको तर्जुमा वा संशोधन गर्नुपर्ने भएमा कानून शाखामा प्रस्ताव प्रस्तुत भएको हुने<br>o प्रस्ताव वमोजिम कानून शाखाबाट कानूनको मस्यौदा वा संशोधन गर्नुपरेको भए तीन महले तयार गरी सम्बन्धित शाखामा प्रस्तुत हुने<br>o सम्बन्धित विषयगत शाखाले विषयगत समितिमा सो मस्यौदा प्रस्तुत गरेको हुने<br>o विषयगत समितिको संयोजकले समितिको निर्णय अनुसार सैद्धान्तिक स्वीकृतिका लागि कार्यपालिकामा प्रस्तुत गरेको हुने<br>o कार्यपालिकाद्धारा सैद्धान्तिक स्वीकृति प्राप्त भएमा सो मस्यौदा वा संशोधन विधेयक समितिमा पठाइएको हुने<br>o सो मस्यौदा कानून बनेमा सो कानूनबाट थप आर्थिक दायित्व थपिने भएमा कार्यपालिकाले सो आर्थिक व्ययभार बहन गर्न सक्ने वा नसक्ने परामर्शका लागि आर्थिक शाखामा प्रस्तुत गरिएको हुने<br>o आर्थिक शाखाबाट परामर्श प्राप्त भएमा भाषिक शुद्धता हेर्न कानून शाखामा पठाइएको हुने<br>o कानून शाखाबाट परामर्श प्राप्त भएपछि सभामा प्रस्तुत गर्ने स्वीकृतिका लागि कार्यपालिकामा प्रस्तुत भएको हुने<br>o कार्यपालिकाबाट सभामा प्रस्तुत गर्न अनुमति प्रदान गरेको हुने<br>o कार्यपालिकाबाट अनुमति प्राप्त कानूनको मस्यौदा सभाको सचिवालयमा दर्ता तथा सभाका सम्पूर्ण सदस्यले एक प्रति प्राप्त गर्ने गरी वितरण भएको हुने<br>८२३. विधेयकको प्रस्तुति र छलफलको चरणदेहाय अनुसार भएको हुने<br>o सभाको सचिवालयद्धारा प्राप्त विधेयक आवश्यक छैन भन्ने लागेमा तोकिएको समयभित्र विरोध गर्न पाउने गरी विरोधको सूचना प्रकाशित भएको हुने | ~ विधायनको गुणस्तर र कार्यान्वयन |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | o सदस्यहरूबाट विरोधको सूचना प्राप्त भएमा सभामा हुन्छ, हुदैन भनी ध्वनि मतद्धारा हुन्छ भन्ने बहुमत भएमा अध्यक्षद्धारा विधेयक छलफलयोग्य भएको घोषणा गरेको हुने<br>o विधेयक प्रस्तुत गर्ने विषयगत संयोजकद्धारा सभाध्यक्षको अनुमतिले विधेयक ल्याउनाको कारण, औचित्य र आवश्यकता बारेमा संक्षिप्त मन्तव्यका साथ सैद्धान्तिक छलफल प्रारम्भ होस भनी प्रस्ताव गरेको हुने<br>o सभाका सदस्यद्धारा सैद्धान्तिक विमति भएमा हुन्छ र हुदैन भनी ध्वनि मतद्धारा मतदान भएको हुने<br>o ध्वनि मतका आधारमा सभाद्धारा सैद्धान्तिक स्वीकृति प्राप्त भएमा निश्चित अवधि तोकी संशोधन प्रस्ताव आह्वान भएको हुने<br>o संशोधन प्रस्ताव प्राप्त नभएमा अध्यक्षको अनुमति लिई विषयगत संयोजकद्धारा विधेयक पारित गरियोस भनी सभामा प्रस्तुत गरेको हुने<br>o अध्यक्षद्धारा सभामा विधेयक प्रस्तुत गरी बहमतद्धारा पारित भएको घोषणा गरेको हुने<br>o तोकिएको अवधिभित्र संशोधन प्रस्ताव प्राप्त भएमा विषयगत संयोजकद्धारा दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस भनी प्रस्ताव प्रस्तुत गरिएको हुने<br>o विधायन समितिको संयोजकको अध्यक्षतामा विधायन समितिमा विधेयकको दफावार छलफल गरी संशोधन गर्नुपर्ने संशोधन समेत गरी बहुमतद्धारा पारित भएको हुने<br>o विधायन समितिद्धारा सर्वसम्मति/बहुमतद्धारा पारित विधेयक अन्तिम स्वीकृतिका लागि सभामा फिर्ता पठाइने<br>o सभा अध्यक्षको अनुमति लिई विषयगत संयोजकले निर्णयार्थ सभामा विधेयक प्रस्तुत गरेको हुने<br>o सभाध्यक्षले निर्णयका लागि सभामा प्रस्तुत गरेको हुने<br>o सभामा प्रस्तुत संशोधन प्रस्ताव भए सो प्रस्ताव समेत अध्यक्षले निर्णयार्थ प्रस्तुत गरेको हुने<br>o सो संशोधन प्रस्ताव समेत सभाले पारित गरेमा अध्यक्षले मूल विधेयकको अंग बनेको घोषणा गरेको हुने<br>o प्रस्तुत विधेयक सभाबाट पारित भएमा अध्यक्षद्धारा विधेयक पारित भएको घोषणा गरेको हुने<br>o विधेयक पारित भएपछि सभाध्यक्षले विधेयकको प्रस्तावना, नाम र प्रारम्भ सभामा सुनाई सभाबाट पारित गरी, विधेयकको अंग बनेको घोषणा गरेको हुने<br>o सभाध्यक्षले विधेयक पारित भएको १५ दिनभित्र विधेयक प्रमाणीकरण गरेको हुने<br>o विधेयकको नम्बर, नाम, पारित भएको मिति र समय समेत उल्लेख गरी नेपाली कागजमा एकापट्टी मात्र टाइप गरी सवै पानामा सभाध्यक्षले मिति लेखी हस्ताक्षर गरेको हुने<br>o प्रमाणीकरणको एक प्रति अभिलेख शाखा, एक प्रति विषयगत शाखा, एक प्रति प्रदेश सरकार र एक प्रति संघीय मन्त्रालय र स्थानीय राजपत्रमा प्रकाशित गरी पालिकाको वेवसाइटमा राखिएको हुने | |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ७५. **समितिहरूको क्रियाशिलता** | ८२४. कार्यपालिका तथा गाउँ सभाका सदस्यहरू समितिहरूमध्ये कुनै न कुनै समितिमा आवद्ध भएको हुने<br>८२५. कार्यपालिका सम्बद्ध समितिहरूको कार्यपालिकाको बैठकभन्दा एक हप्ता अगाडि बसी समिति अन्तर्गत कामको प्रगति समीक्षा गरी कार्यपालिकाको बैठकमा प्रगति प्रतिवेदन पेश भएको हुने<br>८२६. समितिहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा नियमित क्रियाशिलता रहेको हुने<br>८२७. मूल्यांकनका आधारमा पुरस्कार र दण्डका लागि समितिबाट कानून बमोजिम सिफारिस भएको हुने<br>८२८. समय समयमा कार्यपालिकाका अध्यक्षको अध्यक्षतामा समन्वय बैठक बसी समस्या समाधान र एकीकृत योजना कार्यान्वयनमा गतिशिलता आएको हुने<br>८२९. कार्यपालिकाका कार्यको नियमित रुपमा अनुगमन, मूल्यांकन र समीक्षा गरी कार्यपालिकालाई निर्देशन दिएको हुने<br>८३०. सभाका समितिहरूका लागि अनुगमन, मूल्यांकन, समीक्षा र अध्ययन अनुसन्धानका लागि कार्यपालिकाले स्रोत र साधन उपलब्ध गराइएको हुने<br>८३१. कानून र नीति निर्माणका क्षेत्रमा समितिहरूको भूमिका प्रभावकारी भएको हुने<br>८३२. सभाका समितिले कार्यपालिका कार्यमा नागरिक सहभागिता, पारदर्शिता, जवाफदेहिता र बजेटको खर्च प्रणालीका वारेमा अनुगमन र समीक्षा गरी कार्यपालिकालाई निर्देशन दिएको हुने | ~ समितिहरूको निर्णयपुस्तिका<br>~ समीक्षा प्रतिवेदन<br>~ गाउँपालिकाको निर्णय<br>~ अनुगमन प्रतिवेदन<br>~ वार्षिक प्रतिवेदन |
| ७६. **सुशासन** | ८३३. गाउँपालिका अन्तर्गत सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त, छिटो छरितो र सुलभ भएको हुने<br>८३४. कानूनको पालना सवै पक्षबाट भई कानूनको शासनको स्थापित भएको हुने<br>८३५. मितव्ययिता कायम भएको हुने<br>८३६. भष्ट्राचार शून्य भएको हुने | ~ नागरिकको गाउँपालिकाको सेवाप्रतिको सन्तुष्टि सर्भेक्षण प्रतिवेदन<br>~ सार्वजनिक सुनुवाई प्रतिवेदन |
| ७७. **सहभागिता** | ८३७. सार्वजनिक विषयको निर्णय प्रक्रिया, कार्यान्वयन र उपलब्ध सेवा वितरणमा सवै लिंग, वर्ग, समुदाय र क्षेत्रको समानुपातिक सहभागिता भएको हुने<br>८३८. नागरिकको अधिकार र कर्तव्यवोध सहितको अर्थपूर्ण सहभागिताको अभ्यासमार्फत स्थानीय विकास तथा सेवा प्रवाह प्रभावकारी र दिगो भएको हुने | ~ योजना तर्जुमा तथा कार्यान्वयन विवरण |
| ७८. **पारदर्शिता** | ८३९. वैठकका निर्णयहरू सार्वजनिक गर्ने गरेको हुने<br>८४०. गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको बैठकमा चौमासिक समाप्त भएको १५ दिनभित्र पेश गर्ने गरेको हुने<br>८४१. वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्ने गरेको (सार्वजनिक सूचनापाटी तथा वेभसाइट) हुने<br>८४२. वित्तीय सुशासन जोखिम न्यूनीकरणका लागि सार्वजनिक खरिद तथा भुक्तानी प्रक्रिया प्रतिष्पर्धी, विधिसम्मत र पारदर्शी भएको हुने<br>८४३. प्रत्येक आयोजनाको सार्वजनिक परीक्षण गर्ने गरेको हुने<br>८४४. पालिकाको सेवाप्रवाह, विकास आयोजना र गतिविधिहरूको सामाजिक परिक्षण भएको हुने<br>८४५. सूचना अधिकारीको जिम्मेवारी किटान गरी सूचनाको हकको कार्यान्वयन गर्ने गरेको हुने<br>८४६. खुला स्थानीय सरकारको अभ्यास गरेको हुने | ~ सार्वजनिक गर्ने निर्णय<br>~ सार्वजनिक गरेको मुचुल्का<br>~ सार्वजनिक परीक्षण प्रतिवेदन<br>~ वेभसाईट<br>~ सुचना तथ्याङ्कमा सहजता |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ७९. **जवाफदेहिता** | ८४७. हरेक चौमासिकमा सार्वजनिक सुनुवाई गर्ने गरेको हुने<br>८४८. सार्वजनिक सुनुवाईमा उठेका सवालहरूको उचित रुपमा सम्बोधन गर्ने गरेको हुने<br>८४९. गुनासो गर्ने सरल विधिहरू (टोलफ्रि नं., अनलाईन, गुनासो/उजुरी पेटी, सामाजिक सञ्जाल आदि) र सोको तुरुन्तै सुनुवाईको व्यवस्था भएको हुने<br>८५०. कार्यालयमा हेल्पडेस्कको व्यवस्था भएको हुने<br>८५१. क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था भएको हुने<br>८५२. जनप्रतिनिधिहरूको आचार संहिता तर्जुमा र सोको पालना भएको हुने<br>८५३. पालिकका सभामा समितिहरू गठन भई नियन्त्रण र सन्तुलन प्रभावकारी भएको हुने<br>८५४. सम्पत्ति विवरण नियमित रुपमा प्रदेश सरकार समक्ष प्रस्तुति भएको हुने | ~ सार्वजनिक सुनुवाई प्रतिवेदन<br>~ गुनासो व्यवस्थापन अभिलेख<br>~ हेल्पडेस्कको प्रगति विवरण<br>~ नागरिक वडापत्र र कार्यान्वयनको अभिलेख |
| ८०. **विकेन्द्रीकरण** | ८५५. स्थानीय सरकार सञ्चालन ऐन वमोजिमको अधिकार तोकिएका पदाधिकारीहरू प्रयोगले गरी नागरिकहरूलाई सेवा प्रवाह गर्ने गरेको हुने<br>८५६. गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र सदस्यहरू वीच अधिकार प्रत्यायोजन भई सो वमोजिम कार्यसम्पादन गरी गराई नागरिकले सहज सेवा पाएको गरेको हुने<br>८५७. गाउँपालिका र कर्मचारीहरू वीच र कर्मचारी कर्मचारी वीच अधिकार प्रत्योजन भई नियमित कार्यसम्पादन भएको हुने | ~ सम्बन्धित निकाय र पदाधिकारीको निर्णय दस्तावेज<br>~ अधिकार प्रयोगको अभिलेख<br>~ सेवाग्राही सन्तुष्टी |
| ८१. **आवधिक योजना, वार्षिक योजना, रणनीतिक, विषयक्षेत्रगत, मध्यकालीन र दीर्घकालीन विकास योजना तर्जुमा र प्राथमिकता** | ८५८. गाउँपालिकाले दीर्घकालीन तथा आवधिक योजना तर्जुमा गरी सोको सूचक वमोजिम आफ्ना योजनाहरू निर्देशित भएको हुने<br>८५९. गाउँपालिकाले स्थानीय सम्भाव्यता र आवश्यकता अनुसार रणनीतिक, विषयक्षेत्रगत विकास योजना तर्जुमा गरी कार्यान्वयन गरेको हुने<br>८६०. योजना तर्जुमा प्रक्रिया पुरा गरी निर्धारित अवधिमा वार्षिक योजना तर्जुमा गरी स्वीकृत गरेको हुने<br>८६१. आवधिक योजना, विषयक्षेत्रगत तथा रणनीतिक योजनाको सूचकसँग तालमेल हुने गरी वार्षिक योजना तर्जुमा गरेको हुने<br>८६२. वार्षिक योजना तर्जुमाका निम्न अनुसारका ७ चरणहरू अवलम्बन भएको हुने<br>o बजेटको पूर्व तयारी<br>o स्रोत अनुमान तथा बजेट सीमा निर्धारण<br>o बस्ती तहका योजना छनौट<br>o वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण<br>o बजेट तथा कार्यक्रम तर्जुमा<br>o कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति<br>o सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति<br>८६३. सहभागितामूलक योजना प्रक्रियाका लागि टोल विकास संस्थाको गठन, दर्ता र परिचालनको व्यवस्था भएको हुने<br>८६४. वस्ती वा टोलस्तरको माग संकलन, प्राथमिकीरण तथा छनौट भएको हुने<br>८६५. सहभागितामूलक विधिबाट र मापदण्ड वमोजिमको प्राथमिकताका आधारमा योजना छनौट भएको हुने<br>८६६. वितरणमुखी भन्दा दीर्घकालीन महत्वका र वृहत्त योजनाहरू छनौट भएको हुने<br>८६७. तर्जुमा भएको योजना निर्धारित अवधिमा सम्पन्न भएको हुने<br>८६८. आवधिक योजना, परियोजना बैंक, मध्यकालिन खर्च संरचना र वार्षिक योजना तयार गरी एकआपसमा तालमेल हुने गरी कार्यान्वयन भएको हुने<br>८६९. संघ र प्रदेशबाट गाउँपालिकालाई प्राप्त हुने सशर्त, समपुरक, विशेष अनुदानका शर्त | ~ आवधिक योजना दस्तावेज<br>~ समितिहरूको निर्णय पुस्तिका<br>~ विभिन्न योजना दस्तावेजहरू<br>~ वार्षिक योजना पुस्तक<br>~ योजना समीक्षा प्रतिवेदनहरू<br>~ गाउँपालिकाको अभिलेख<br>~ योजना तर्जुमाका ७ वटा चरण पालनाको अभिलेख<br>~ सभाको निर्णय<br>~ प्राथमिकताका आधारहरू<br>~ प्राथमिकता निर्धारण अभिलेख<br>~ वार्षिक योजना किताव |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | वमोजिम योजना तर्जुमा, कार्यान्वयन एवं प्रतिवेदन गरेको हुने<br>८७०. वडास्तमा प्राथमिकता निर्धारण गर्ने गरेको<br>८७१. विभिन्न समितिहरूमा कानून वमोजिमका प्राथमिकताका आधारहरूको पालना गरेका हुने<br>८७२. स्थानीय सरकार सञ्चालन ऐनको दफा २४ (३) वमोजिमका प्राथमिकताका आधारमा मात्र योजना छनौट गर्ने गरेको हुने<br>८७३. योजना प्राथमिकीकरण विधि र प्रक्रिया पारदर्शी भएको हुने | |
| ८२. **योजना तयारी तथा कार्यान्वयन** | ८७४. योजना कार्यान्वयन कार्ययोजना तयार भएको हुने<br>८७५. सभाबाट स्वीकृत योजना निर्धारित समयभित्रै कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृत र निजमार्फत सम्बन्धित शाखाहरूलाई अख्तियारी उपलब्ध भएको हुने<br>८७६. आयोजनाको लगत इष्टिमेट तथा प्राविधिक प्रतिवेदन समयमा नै तयार भएको हुने। यस्ता प्रतिवेदनहरू सम्भाव भए सम्म नेपाली भाषामा तयार गरेको हुने<br>८७७. आयोजनास्थललाई विवादरहित र अन्य संरचना तथा जग्गा प्राप्तिको कार्य निर्धारित अवधिमा सम्पन्न भएको हुने<br>८७८. आयोजनाको VEE, IEE, EIA विस्तृत परियोजना प्रतिवेदन आवश्यक पर्ने आयोजनाको समयमै उक्त कार्य सम्पन्न भएको हुने<br>८७९. सभाबाट स्वीकृत योजना कार्यान्वयन गर्दा कार्यपालिकाबाट उपयुक्त विधिको निर्धारण भएको हुने<br>८८०. योजना सम्झौता वमोजिम निर्धारित अवधिमा कार्यान्वयन सम्पन्न भएको हुने<br>८८१. योजना कार्यान्वयनमा जनसहभागिता गराइ आयोजना दिगो बनाएको हुने<br>८८२. योजनाको नियमित अनुगमन गरी प्रतिवेदन सहित आवश्यक सल्लाह सुझाव र सहजीकरण भएको हुने<br>८८३. योजना सञ्चालन तथा मर्मत सम्भारका लागि उपभोक्तालाई हस्तान्तरण भएको हुने | ~ कार्ययोजना<br>~ लगतइष्टिमेट<br>~ ठेक्कापट्टा तथा सम्झौता विवरण<br>~ निर्णय<br>~ योजना समीक्षा प्रतिवेदन<br>~ अनुगमन प्रतिवेदन<br>~ कार्यसम्पन्न विवरण<br>~ योजना हस्तान्तरण विवरण |
| ८३. **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | ८८४. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारित समयमै कार्यसम्पन्न गरी कार्यपालिकामा प्रस्तुत गरेको हुने<br>८८५. स्रोत अनुमान र स्रोत प्राप्तिमा १० प्रतिशतभन्दा बढी फरक नभएको हुने<br>८८६. बजेटको सीमा निर्धारण अनुरुप तर्जुमा भई कार्यान्वयन भएको हुने<br>८८७. गाउँपालिकाको विनियोजित बजेट खर्च र योजनाहरू समयमै सम्पन्न भई जनविश्वसनीयतामा बढेको हुने<br>८८८. संघ र प्रदेशबाट प्राप्त बजेटको सीमाभित्र रही बजेट विनियोजन खर्च र प्रतिवेदन भएको हुने | ~ आय विवरण<br>~ आर्थिक अनुशासनको स्थिती<br>~ लेखापरीक्षण प्रतिवेदन<br>~ योजना र खर्च विवरण<br>~ लेखापरीक्षण प्रतिवेदन |
| ८४. **बजेट स्वीकृति** | ८८९. कार्यपालिकाबाट असार १० गते भित्र सभामा पेश भई नीति तथा कार्यक्रम र आर्थिक तथा विनियोजन ऐन असार मसान्तभित्र सभाबाट स्वीकृत भएको हुने<br>८९०. वार्षिक बजेटमा आन्तरिक स्रोत, राजश्व वा'डफा'ड र संघ तथा प्रदेशबाट प्राप्त हुने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानबाट गरिने कार्यको स्पष्ट देखिने गरी बजेट विनियोजन भएको हुने<br>८९१. वार्षिक बजेटमा अवण्डा शीर्षकमा बजेट नराखिएको हुने<br>८९२. घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय कानून र प्रदेश कानून वमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको व्यवस्था भएको हुने<br>८९३. बजेट स्वीकृत भएको सात दिन भित्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृत र प्रमुख प्रशासकीय अधिकृतले १५ दिनभित्र सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र बजेट सहित खर्च गर्ने अख्तियारी प्रदान गरेको हुने | ~ सभाको निर्णय<br>~ आर्थिक ऐन<br>~ विनियोजन ऐन<br>~ योजना किताव<br>~ घाटा पूर्ति गर्ने स्रोत व्यवस्था |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| ८५. **सार्वजनिक खरिद** | ८९४. सार्वजनिक खरिद ऐन वमोजिम स्थानीय खरिद नियमावलीको तर्जुमा र पालना भएको हुने<br>८९५. सार्वजनिक खरिद सम्बन्धी जिम्मेवारी तोकी कार्य भएको हुने<br>८९६. सार्वजनिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना बनाई खरिद गर्ने गरेको हुने<br>८९७. निर्धारित समयमा खरिद प्रक्रिया आरम्भ र सम्पन्न भएको हुने<br>८९८. सार्वजनिक खरिद प्रक्रिया गुणस्तर सुनिश्चित भई दिगो विकास र सेवा प्रवाह भएको हुने | ~ सार्वजनिक खरिद गुरुयोजना<br>~ वार्षिक सार्वजनिक खरिद योजना<br>~ सार्वजनिक खरिद नियमावली<br>~ सेवा तथा सामाग्रीको उपलब्धता<br>~ लेखाजोखा प्रतिवेदन |
| ८६. **कोष व्यवस्थापन** | ८९९. स्थानीय सरकार सञ्चालन ऐन वमोजिम गाउँपालिकाले राख्नुपर्ने, सर्वसंचित कोष, आकस्मिक कोष र अन्य आवश्यक कोषहरू कानून बमोजिम कोष स्थापना र संचालन भएको हुने<br>९००. संघ र प्रदेशले गाउँपालिकासँगको साझेदारीमा स्थापना गरेका कोषहरूमा निर्धारित हिस्साको योगदान भई कोष सञ्चालनमा पहुँच र प्रतिफलदायी भएको हुने | ~ कानून<br>~ लेखापरीक्षण प्रतिवेदन<br>~ आर्थिक प्रतिवेदन<br>~ निर्णय |
| ८७. **आन्तरिक नियन्त्रण** | ९०१. कोष सञ्चालन, राजश्व संकलन, योजना तथा बजेट कार्यान्वयनमा पर्याप्त आन्तरिक नियन्त्रण भई आवश्यक सहजीकरण र आर्थिक अनुशासन कायम भएको हुने<br>९०२. स्वीकृत बजेटभन्दा बाहिरका रकम र शीर्षकमा कुनै खर्च नभएको हुने<br>९०३. आन्तरीक लेखा परिक्षण समय सापेक्ष नियममित र प्रभावकारी भएको हुने | ~ निर्णय<br>~ आर्थिक प्रतिवेदन<br>~ प्रतिवेदनहरू |
| ८८. **लेखा र लेखापरीक्षण** | ९०४. निर्धारित ढाँचामा गाउँपालिकाको लेखा स्रेस्ता राखेको हुने<br>९०५. विद्युतीय माध्यममा लेखा स्रेस्ता राखेको हुने<br>९०६. आन्तरिक तथा वाह्य लेखापरीक्षण निर्धारित अवधिभित्रै सम्पन्न भएको हुने<br>९०७. वेरुजुको मात्रा खर्च भएको बजेटको २ प्रतिशतभन्दा कम भएको हुने<br>९०८. कायम भएको बेरुजु र फस्यौट भएको बेरुजु सार्वजनिक भएको हुने | ~ लेखा स्रेस्ता<br>~ लेखापरीक्षण प्रतिवेदन<br>~ बेरुजु फछ्यौट विवरण<br>~ बेरुज लगत |
| ८९. **जिल्ला, प्रदेश र संघसँग समन्वय** | ९०९. जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय भएको हुने<br>९१०. संविधानको धारा २३२ वमोजिम सहकार्य, समन्वय र सहअस्तित्व अनुसार कार्यसम्पादन र संगठन व्यवहार भए/गरेको हुने<br>९११. मौलिक हक कार्यन्वयमा पालिकाले प्राथमिकता दिई संघ, प्रदेश संग समन्वय र सहकार्य भएको हुने<br>९१२. बाँडफाँड गर्नुपर्ने राजश्व र योजना प्रणालीमा समन्वय भएको हुने<br>९१३. लक्षित कार्यक्रम कार्यान्वयनमा तदारुकता देखाई कार्यान्वयन भएको हुने<br>९१४. अनुदानका शर्तको पालना भएको हुने<br>९१५. गाउँपालिकाले प्रदेश र संघलाई कानून वमोजिम प्रतिवेदन प्रस्तुत समयमै गरेको हुने | ~ तीनै तहको कार्यविधि र संस्थागत व्यवस्था<br>~ राजश्व र योजनाको विवरण<br>~ समिक्षा तथा प्रगति विवरण<br>~ अनुदान खर्च प्रतिवेदन |
| ९०. **लागत साझेदारी तथा संयुक्त व्यवस्थापन** | ९१६. गाउँपालिकाको सार्वजनिक निजी साझेदारी नीति तर्जुमा भई कार्यान्वयनमा आएको हुने<br>९१७. संविधान वमोजिमका साझा अधिकारहरूको कार्यान्वयनबाट गाउँपालिकामा गर्नुपर्ने विकास र प्रवाह गर्नुपर्ने सेवाका लागि प्रदेश र संघीय लागत साझेदारका आयोजना परियोजना कार्यान्वयन भएको हुने<br>९१८. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २६ वमोजिम साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने विषयमध्ये गाउँपालिकाको सम्भाव्यता, आवश्यकता र क्षमताका आधारमा साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गरेको हुने<br>९१९. सार्वजनिक निजी साझेदारी सम्भावित आयोजना कार्यान्वयन भई प्रतिफल दिएको हुने | ~ नीति र कार्यविधि<br>~ सेवा प्रवाह प्रतिवेदन<br>~ कार्यक्रममा भएको लगानी विवरण<br>~ संयुक्त व्यवस्थापन प्रतिवेदन<br>~ संयुक्त व्यवस्थापनमा संचालित आयोजना विवरण |

| कार्यजिम्मेवारी | सूचकहरू | पुष्ट्याइका आधार |
|---|---|---|
| | ९२०. सार्वजनिक निजी साझेदारीका आयोजनाका प्रतिफल तथा सेवा प्रवाह न्यायोचित भएको हुने<br>९२१. पालिकाहरू बीचमा साझेदारीमा सेवा व्यवस्थपान तथा विकास कार्यक्रमहरू कार्यन्वयन भई सेवाप्रवाह प्रभावकारी भएको हुने<br>९२२. लागत साझेदारी प्रतिवद्धता अनुरुप लगानी प्रवाह र कार्यसम्पादन भएको हुने<br>९२३. गाउँपालिकामा सेवा प्रवाह र पूर्वाधार निर्माण एवं व्यवस्थापनमा संयुक्त व्यवस्थापन भई सेवा सुचारु हुनुका साथै प्रतिफल वितरण न्यायोचित भएको हुने<br>९२४. गाउँपालिका संयुक्त व्यवस्थापनका लागि आकर्षित स्थल भएको हुने | |
| ९१. **स्थानीय शान्ति सुरक्षा** | ९२५. स्थानीय शान्ति सुरक्षाका लागि नजिकको प्रहरी कार्यालयसँग सम्पर्क तथा समन्वय भएको हुने<br>९२६. वस्तीमा शान्ति सुरक्षा तथा अमनचैन कायम राख्न टोलवासीहरूको सहभागितामा स्वयंसेवी समूह, निगरानी समुह, मेलमिलाप समूह आदि जस्ता संस्था गठन तथा सशक्तीकरण गरेको हुने<br>९२७. नगर प्रहरी राख्ने भएमा नीति, कानून र मापदण्ड तर्जुमा भई कार्यान्वयन भएको हुने | ~ निर्णय तथा पत्राचार अभिलेख<br>~ संयुक्त कार्यक्रमको प्रतिवेदन<br>~ संस्थाको अभिलेख र प्रगति विवरण<br>~ नीति, कानून र मापदण्ड |
| ९२. **अनुगमन तथा मूल्यांकन** | ९२८. अनुगमन समितिको सक्रियता र अनुगमन प्रतिवेदनमाथि नियमित छलफलतथा सार्वजनिक गर्ने गरेको हुने<br>९२९. अनुगमनबाट प्राप्त सुझावको कार्यान्वयन भई योजना कार्यान्वयनमा गतिशिलता तथा प्रभावकारिता बढेको हुने<br>९३०. विकास आयोजना संचालन र सेवा व्यवस्थापनमा आएका समस्या तथा सवालहरू सम्बोधन गर्न अनुगमन सहयोगी भएको हुने<br>९३१. सामाजिक परीक्षण वार्षिक रुपमा गर्ने गरेको हुने<br>९३२. सेवा प्रवाहको प्रभाव मूल्यांकन गर्ने गरेको हुने<br>९३३. आवधिक योजनाको वार्षिक रुपमा हासिल भएको उपलब्धिको समीक्षा तथा अभिलेख भएको हुने<br>९३४. वार्षिक योजना समीक्षा र सेवामा सुधार भएको हुने | ~ अनुगमन प्रतिवेदन<br>~ सामाजिक परीक्षण प्रतिवेदन<br>~ समीक्षा प्रतिवेदनहरू<br>~ कार्यपालिकामा पेश भएका प्रतिवेदनहरू<br>~ वार्षिक प्रतिवेदन |

**गाउँपालिका राष्ट्रिय महासंघ नेपाल**
गणेशस्थान, कमलादी, काठमाडौं, नेपाल
फोन नं. : ०१-४२२९८४१, फ्याक्सः ०१-४२४५८८९
ईमेलः info@narmin.org.np, वेभसाइटः www.narmin.org.np